# अध्याय - एक

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **२०६७ सालको जिल्लास्तरीय परीक्षा (कक्षा-८) सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

यो अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) कक्षा - ८ को जिल्लास्तरीय परीक्षा सुनसरीमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरू बाह्य आधारमा वैध र विश्वसनीय छन् ?

(ख) ती प्रश्नहरू आन्तरिक वैधताका आधारमा उपयुक्त छन् ?

(ग) प्रश्नहरू विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल छन् ?

(घ) प्रश्नपत्र निर्माण विशिष्टीकरण तालिकाको उपयोग कुन रूपमा गरिएको छ ?

## १.४ शोध/अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) २०६७ सालको कक्षा-८ को जिल्लास्तरीय परीक्षामा सोधिएका नेपाली विषयको प्रश्नहरूको बाह्य वैधता र विश्वसनीयताको अध्ययन गर्नु,

(ख) उक्त प्रश्नहरूको आन्तरिक विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु,

(ग) प्रश्नहरू विद्यार्थीको योग्यता, क्षमता र पाठ्यक्रमको अपेक्षाअनुसार भए नभएको पत्ता लगाउनु,

(घ) प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग उपयुक्त भए नभएको पत्ता लगाउनु,

(ङ) कक्षा- ८ को जिल्लास्तरीय परीक्षामा सोधिने अनिवार्य नेपाली विषयका प्रश्नपत्र सुधारका लागि सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपालमा वि.सं. २०१६ सालमा त्रि.वि.को स्थापना पछि वि.सं.२०३९ सालदेखि मानविकी तथा सामाजिकशास्त्र र वि.सं. २०४१ सालदेखि शिक्षाशास्त्र सङ्कायमार्फत नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्यहरू प्रारम्भ भई सम्पन्न भएको देखिन्छ । त्यसमा पनि मानविकी तथा सामाजिक शास्त्रतर्फ साहित्यिक र शिक्षाशास्त्र सङ्कायतर्फ भाषाशिक्षणसम्बन्धी अनुसन्धान बढी मात्रामा हुँदै आएको पाइन्छ ।

एम.एड. नेपाली उपाधिका लागि पनि कृति विश्लेषण साथै त्रुटि विश्लेषणसँग सम्बन्धित अध्ययन अनुसन्धान भएको पाइन्छ । यसैगरी कथा, उपन्यास, खण्डकाव्य, नाटक र गीतिनाटकका क्षेत्रमा शैली वैज्ञानिक अध्ययन अनुसन्धान भएको देखिन्छ । हालसम्म प्रा.वि., नि.मा.वि., मा.वि., उ.मा.वि. तहदेखि लिएर विभिन्न तहसम्मका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन, विश्लेषण गरेको पाइन्छ ।

शोधार्थी माधवप्रसाद पौडेलद्वारा **जिल्लास्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नपत्रहरूका विश्लेषण** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधपत्रमा सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आधारमा प्रश्नहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्ने कार्य गरिएको छ । क्षेत्रीय विधिद्वारा सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित रहेको उक्त शोधपत्रमा दिइएका निर्देशनहरू अस्पष्ट र त्रुटिपूर्ण रहेको, प्रश्न वितरणमा विविधता रहेको र प्रश्नहरूको प्रस्तुती अनुक्रम अवैज्ञानिक र दुर्बल रहेको, प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएका जस्ता निष्कर्षहरू रहेका देखिन्छन् (पौडेल, २०५१) ।

अम्बिकाप्रसाद रेग्मीद्वारा **कक्षा- ५ को नेपाली भाषा विषयक प्रश्नहरू** (२०५४) **को विश्लेषणात्मक अध्ययन** नामक शोधपत्र तयार पारिएको पाइन्छ । यस शोधपत्रलाई पनि जिल्लास्तरीय परीक्षा (२०५४) मा तयार भएका कक्षा-५ को नेपाली भाषा विषयका विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन गर्ने, उक्त प्रश्नमा पाइएका कमीकमजोरीहरू औँल्याउने र

सुधार गर्ने र सुधारका निम्ति सुझावहरू प्रस्तुत गर्ने जस्ता उद्देश्यहरूमा केन्द्रित गरिएको पाइन्छ (रेग्मी, २०५४) ।

यसै क्रममा दिलीपकुमार आचार्यद्वारा **२०५८ सालमा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नपत्रहरूको विश्लेषण** नामक शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा नेपाली भाषाका प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउने, सङ्कलन गरिएका प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा विविध उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गरिएको पाइन्छ । (आचार्य, २०५८) ।

शोधार्थी कमलबहादुर बस्नेतले **कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । प्रश्तुत अध्ययनमा प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारलाई विभिन्न उपआधारहरूमा विभाजन गरी अध्ययन गरेको पाइन्छ ।

यसरी हालसम्म कुनै पनि अध्येताले २०६७ सालमा जिल्लास्तरीय परीक्षा (कक्षा-८) मा सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नहरूको अध्ययन विषयमा अध्ययन अनुसन्धान कार्य नगरेको हुँदा यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक अनुसन्धान हुनेछ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

परिवर्तित नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा विषयका प्रश्नहरूको तुलनात्मक विश्लेषण अध्ययन गरी सुनसरी जिल्लाका प्रश्नहरू के-कति उपयोगी र स्तरयुक्त छन् पत्ता लगाउनु यस अध्ययनको औचित्य रहेको छ । विद्यमान अवस्थामा प्रश्न निर्माणमा देखिएका कमि कमजोरी औंल्याई सुधारको निम्ति सुझावहरू प्रस्तुत गरी तुलनात्मक विश्लेषण अध्ययन गर्नु सान्दर्भिक ठानिएको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह र सुझाव प्राप्त हुने भएकाले यसको औचित्य र महत्त्व देखिन्छ ।

## १.७ अध्ययनको सीमा

यस अनुसन्धानको सीमाङ्कन निम्नअनुसार गरिएको छ :-

- २०६७ सालका कक्षा ८ को जिल्लास्तरीय परीक्षाका नेपाली विषयका प्रश्नपत्रहरूमा मात्र यो अध्ययन केन्द्रित भएको छ ।

- यस अध्ययनमा २०६७ सालमा सोधिएका सुनसरीका नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन गरिएको छ ।
- उक्त प्रश्नहरूको सैद्धान्तिक आधारमा मात्र अध्ययन गरिएको छ ।
- प्रश्नहरूको विश्वसनीयता र वैधताका आधारमा अध्ययन गरिएको छ ।
- २०६१ सालमा प्रकाशित विशिष्टीकरण तालिका अनुरूप अध्ययन गरिएको छ ।

## १.८ अध्ययन विधि

यस अध्ययनका लागि आवश्यक सामग्रीहरूमा २०६७ सालमा जिल्लास्तरीय परीक्षा (कक्षा - ८) मा सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरू सङ्कलन गरिएको छ र भाषिक प्रश्न निर्माणका सैद्धान्तिक पक्षहरूको विश्लेषण गर्दै भाषिक प्रश्न निर्माणका बाह्य र आन्तरिक आधारहरूको सहयोगले प्रश्नहरूको अध्ययन, विश्लेषण र तुलना गरिएको छ । आवश्यकताअनुसार पुस्तकालयीय, वर्णनात्मक तथा विश्लेषण विधि समेतको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा :-

यस शोधपत्रको सम्भावित रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : प्रश्नहरूको सैद्धान्तिक परिचय

अध्याय तीन : प्रश्नपत्र विश्लेषणका बाह्य आधारहरूमा अध्ययनीय प्रश्नहरूको विश्लेषण

अध्याय चार : प्रश्नपत्र विश्लेषणका आन्तरिक आधारहरूमा अध्ययनीय प्रश्नहरूको विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

परिशिष्टहरू

# अध्याय - दुई

# प्रश्नहरूको सैद्धान्तिक परिचय

## २.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कन शब्द 'मूल्य + अङ्क + अन' मिलेर बनेको छ । यसको अर्थ कुनै पनि कार्यको मूल्य निर्धारण तथा मापन गर्नुभन्ने हुन्छ । यसको अर्थ कुनै पनि कार्यको मूल्य निर्धारण तथा मापन गर्नुपर्ने हुन्छ । मूल्याङ्कन शब्दको प्रयोग व्यापक भए पनि परीक्षा र जाँच जस्ता प्राचीन शब्दले चिनाउने गरिएको पाइन्छ । मूल्याङ्कनको इतिहासलाई नियालेर अध्ययन गर्दा यसको प्रारम्भ धेरै पहिले सुरू भएको बुझिन्छ । मूल्याङ्कनलाई परीक्षाको नामले प्रयोग गर्ने परम्परागत चलन देखिन्छ । मूल्याङ्कन शिक्षा र मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिने नयाँ धारणा हो । यसले परिमाणात्मक लेखाजोखा र गुणको मूल्य समेत निर्धारण गर्दछ । शिक्षणीय सन्दर्भमा हेर्दा विद्यार्थीले कुनै अध्ययनीय विषय के कतिसम्म घोकेर लेख्छ र मुखाग्र सुनाउन सक्छ । त्यसैको आधारमा मूल्याङ्कनको स्वरूप निर्धारण गरेको देखिन्छ तर समय परिवर्तनसँगै मूल्याङ्कनको अवधारणा पनि परिवर्तन हुँदै गयो ।

मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसले गुणात्मक र सङ्ख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण समाग्री आदिको समेत लेखाजोखा गर्दछ । मूल्याङ्कनको अवधारणा चीनबाट भएको मानिए पनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमी मुलुककै देन मान्नुपर्छ । हुन त मूल्याङ्कनको सुरू, विकास, धारणा आदिमा शिक्षाका विद्वान बीच फरक फरक मत नपाइएको होइन । यो धारणालाई मूल्याङ्कनको आधुनिक बदलिदो एवम् विस्तृत दृष्टिकोणसँग गाँस्नु आवश्यक छ । मूल्याङ्कन दैनिक जीवनमा निरन्तर र नियमित भइरहेको हुन्छ (ज.व.रा. र अन्य, २०६३ : २९) ।

विभिन्न विद्वान् तथा विभिन्न निकायद्वारा मूल्याङ्कनसम्बन्धी आ-आफ्नै किसिमले विचार व्यक्त गरेका छन् ।

कर्कव्याक (१९८०) का अनुसार मूल्याङ्कन भनेको कुनै शैक्षिक कार्यक्रमलाई व्यवस्थित ढङ्गले जाँचबुझ गर्ने कडी हो । त्यस्तै टेलर १९५० अनुसार मूल्याङ्कन भनेको शैक्षिक उद्देश्यहरू वास्तविक रूपमा कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने

प्रक्रिया हो । शिक्षाको कुनै एक कार्यक्रमको उपलब्धि, आयोजना, परियोजना, उद्देश्य अथवा पाठ्यक्रमको गुण प्रभावकारिताको औपचारिक मूल्य निर्धारण गर्ने युक्ति नै मूल्याङ्कन हो भन्ने भनाइ ब्रेन आर वर्थेन र जेम्स आर सेन्डर्स, १९८७ को रहेको छ । स्क्रिभेन, १९६७ का अनुसार कुनै वस्तु वा व्यक्तिको गुणदोष प्रमाणित गर्ने पद्धति नै मूल्याङ्कन हो भने मूल्याङ्कनअन्तर्गत विद्यार्थीको व्यवहारको गुणात्मक र परिमाणात्मक दुवैको विवरणको साथै त्यस व्यवहारसँग सम्बन्धित मूल्यनिर्धारण समेत गर्दछ जस्ता परिभाषा ग्रोनलुण्डको डिक्सनरी अफ एजुकेशन मा पाइन्छ । शिक्षा शब्दकोशका अनुसार मूल्याङ्कनकर्ताद्वारा कुनै पनि वस्तुको मूल्यनिर्धारण गर्दा अपनाइने प्रक्रिया नै मूल्याङ्कन हो । त्यस्तैगरी  माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५ का अनुसार पाठअन्तर्गत विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना, सन्देश आदिका सम्बन्धमा गरिने परीक्षण र बोधअन्तर्गत दृष्टांश, अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमता परीक्षण कार्य मूल्याङ्कन हो ।

उपर्युक्त परिभाषाको आधारमा मूल्याङ्कन भनेको निश्चित कार्यकलापपछि विद्यार्थीहरूले के कति उपलब्धि हासिल गरे भनी गुणात्मक पक्षको लेखाजोखा गर्ने, गुणस्तरबारे निर्णय गर्ने र  सम्पूर्ण शैक्षिक कार्यकलापको लेखाजोखा गर्ने निरन्तर प्रक्रिया भनी बुझ्न सकिन्छ ।

जुनसुकै कार्यकलाप पछि मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ कार्यकलाप सञ्चालन हुन्छन् । शिक्षणसिकाइ क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए वा भएनन् र विद्यार्थीको व्यवहारमा के कति परिवर्तन आयो वा आएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । यसबाट उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सकिन्छ । जीवनका कामकारवाहीमा व्यक्तिले गल्ती गर्न सक्छ, त्यसको पहिचान गरी तिनलाई आगामी दिनमा दोहोरिन नदिन मूल्याङ्कनले मार्गदर्शन दिन्छ । विद्यार्थीको उपलब्धिलाई परीक्षा तथा अन्य साधनबाट पनि परीक्षण गरिन्छ । शैक्षिक कार्यक्रमकै सिङ्गो रूपमा मूल्याङन गरेर कार्यक्रमकै कमीकमजोरी भए सुधार्ने सन्देश समेत मूल्याङ्कनले दिने हुँदा शैक्षिक क्षेत्रमा यसको भूमिका महत्त्वपूर्ण रहेको ठानिन्छ ।

सङ्क्षेपमा मूल्याङ्कन भनेको कुनै वस्तु, अवस्था वा घटना र गुणात्मक पक्षमा भने लेखाजोखा गर्ने प्रक्रिया हो । जस अन्तर्गत यी वस्तु अवस्था वा घटनाको गुणात्मक पक्षको परिमाणात्मक लेखाजोखा गर्नुको साथसाथै गुणस्तरबारे निर्णय पनि गरिन्छ । सामान्यतः शैक्षिक मूल्याङ्कन गर्नुको औचित्य शिक्षण सिकाइको सुधार गर्नु नै हो । यसका साथै परीक्षा प्रणालीमा सुधार गर्न, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्न, स्तर निर्धारण गर्न, विभिन्न अध्ययन र अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन समेत मूल्याङ्कन गरिन्छ (ज.ब.रा. र अन्य, २०६३ : ३१) ।

## २.२ परीक्षा र मूल्याङ्कन

परम्परागत रूपमा यो दुई शब्दलाई समानार्थी रूपमा प्रयोग गर्ने गरेको पाइन्छ तर यी दुईमा फरक अवश्य छ । मूल्याङ्कनका लागि मापन अनिवार्य सर्त हो भने परीक्षा मापनको एउटा प्रक्रिया हो (पौडेल, २०५१ : २२) । परीक्षा, अवलोकन आदिको सहयोगले मापनको कुनै पनि वस्तु वा व्यक्तिको कोरा प्रमाप तयार गर्दछ तर निर्णय गर्न सक्दैन र मापनका सबै सूचनाको विश्वसनीयता र वैधता पनि निश्चित गर्न सक्दैन । यस्तो सही-गलत, विश्वसनीय र वैध-अवैधको निर्णय मूल्याङ्कनबाट हुन्छ । वस्तुतः मूल्याङ्कन भनेको व्यापक, विस्तृत र निरन्तर रूपमा चल्ने निर्णयप्रक्रिया हो । परीक्षा भने मूल्याङ्कनको एउटा साधन मात्र हो (बस्नेत, २०६२ : १६) ।

परीक्षा मूल्याङ्कनको साधन मात्र भए पनि शैक्षिक क्षेत्रमा यसको ठूलो महत्त्व छ । कुनै शैक्षिक कार्यक्रमका उद्देश्य, पाठ्यक्रम, साधन, सामग्री, प्रक्रिया, शिक्षक दक्षता, विद्यार्थीको अभिक्षमता तथा उपलब्धि पक्षको सही प्रमाप गरी जटिलता, सरलता, स्तरयुक्तता, उपयुक्तता र प्रभावकारिता आदिको सूचना दिएर संशोधन र परिष्कार गर्ने निदानात्मक एवम् पृष्ठपोषणीय उद्देश्य सिकाइ अनुभव र मूल्याङ्कनका बीचमा सम्बन्ध जोड्ने काम परीक्षाले नै गर्दछ ।

मूल्याङ्कनको कार्यक्षेत्र व्यापक भए पनि मूल रूपमा यो शैक्षिक, प्रशासनिक, पथप्रदर्शनीय तथा अनुसन्धानात्मक कार्यमा संलग्न हुन्छ । विषयको प्रकृति र उद्देश्यअनुसार परीक्षाका पनि अनेक भेद छन् : प्रवेश परीक्षा, स्तरयुक्त परीक्षा, सामयिक परीक्षा, वार्षिक परीक्षा, रूचि परीक्षा, बौद्धिक परीक्षा, सीपगत परीक्षा आदि । परीक्षाका विभिन्न भेद उपभेद

भए पनि हाल प्रचलित मौखिक, लिखित र प्रयोगात्मक परीक्षाहरू नै सबै प्रकारका परीक्षाका आधारहरू हुन् (बस्नेत, २०६२ : १६) ।

## २.३ भाषिक मूल्याङ्कन

शैक्षिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँगै जोडिएर आउँछ । भाषा शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । त्यसैले भाषिक मूल्याङ्कन पनि भाषाका सीपपरक अपेक्षासँग सम्बन्धित भएर शिक्षण प्रक्रिया बनी चलिरहेको हुन्छ । भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष र अभिव्यक्ति पक्षसँग सम्बन्धित कला र सीपको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित हुन्छ ।

मूल्याङ्कनले पाठ्यक्रमलाई सुनियोजित एवम् प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका निमित्त शैक्षिक प्रक्रियामा विभिन्न सन्दर्भमा उपयुक्त र विवेकपूर्ण निर्णय लिनसक्ने आधारहरू प्रदान गर्दछ । यसले शैक्षिक उद्देश्य, शिक्षण प्रक्रिया र शैक्षिक उपलब्धिको मूल्य निर्धारण गर्दछ । अझ भाषिक मूल्याङ्कनले त खास तहका विद्यार्थीहरूका निम्ति भाषा पाठ्यक्रमद्वारा निर्धारित भाषिक सीप के कति आर्जन गरे र के-कति ग्रहण गर्न सके-सकेनन् भन्ने कारणहरूको लेखाजोखा पनि गर्दछ ।

भाषाशिक्षणका संसारमा विद्यार्थीहरू पथिक हुन् भने शिक्षक उनीहरूका सचेतक एवम् मार्ग निर्देशक हुन् । अतः शिक्षकको सहानुभूतिशील मार्गदर्शन र विवेकशील शिक्षण कार्यकलापबाट मात्रै भाषाशिक्षणले उद्देश्यपरक गतिशीलता प्राप्त गर्छ । मूल्याङ्कनको उपयोगविनाको भाषाशिक्षण आफैँमा लुलो र लङ्गडो बन्न सक्छ (अधिकारी, २०५० : २०७) । यसैले भाषाशिक्षणका क्रममा निश्चित लक्ष्य र उद्देश्यहरू विद्यार्थीमा हासिल गराउनका निम्ति बारम्बार मूल्याङ्कनको उपयोग गरी विद्यार्थीको प्रगतिदर क्षमता स्तर, सक्षमता र असक्षमता तथा उन्नति र अवनतिका बारेमा शिक्षक सधैँ सचेत रहनु पर्दछ । मूल्याङ्कनविनाको भाषाशिक्षण अन्यौलपूर्ण हुन्छ । त्यसैले विद्यार्थीका भाषा सिकाइका समस्या क्षेत्रहरू पत्ता लगाई तिनको निराकरण गर्न पृष्ठपोषण प्राप्त गर्न तथा भाषाशिक्षणलाई कुशलतापरक कार्यदिशातर्फ उन्मुख बनाई विद्यार्थीको उत्प्रेरणा अभिवृद्धि गरेर सरल, सुगम र प्रभावकारी शिक्षण सिकाइ कार्यकलापको छनोट सुधार र उपयोगको सुझ तथा सीप प्राप्त गर्न शिक्षकका लागि भाषिक मूल्याङ्कन अभिन्न कार्यकलाप बनेको हुनुपर्छ ।

भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक विद्यार्थी बाहेक भाषापाठ्यक्रम निर्माता, भाषाविज्ञ र शिक्षाविद्का लागि पनि उपयोगी छ । भाषिक मूल्याङ्कनले पाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी निर्णय लिन मद्दत पुऱ्याउँछ र भाषातात्त्विक अंशहरू तथा प्रयोजनपरकताका बारेमा निर्णय लिन आधार प्रदान गर्दछ र पाठ्यक्रमको स्तरयुक्तताको समेत सूचना दिइरहेको हुन्छ (बस्नेत, २०६२ : १८) । भाषिक मूल्याङ्कन सम्बन्धित विद्यार्थी भाषा शिक्षकका लागि मात्र होइन भाषा पाठ्यक्रम निर्माता, भाषा विज्ञ र शिक्षाविदहरूका लागि समेत उपयोगी हुने देखिन्छ । भाषा शिक्षणका कक्षामा विद्यार्थीहरू सबै एकै किसिमका हुदैनन् । उनीहरूमा तीव्र, मध्यम र निम्न बुद्धिको भिन्नता हुन्छ । शिक्षणीय भाषा सबै विद्यार्थीहरूको मातृभाषा नहुने हुदा दोस्रो भाषी विद्यार्थीहरूलाई केही कठिन हुन सक्छ । यसरी कठिन भाषिक समस्याहरूको उपायहरूको लेखाजोखा गर्ने कार्य भाषिक मूल्याङ्कन भित्र आधारित रहन्छ ।

## २.४ भाषिक मूल्याङ्कनको प्रकृति

भाषिक मूल्याङ्कनको प्रकृतिलाई हेर्दा मूलतः भाषिक सीपहरूको परीक्षण प्रयोगपरक प्रकृतिको र भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिको देखा पर्छ । भाषाशिक्षणको अभिप्राय भाषिक सीपको कुशलतापरक विकासमा केन्द्रित रहने हुनाले यसको परीक्षण प्रयोगपरक प्रकृतितर्फ झुक्नुपर्छ तथापि भाषिक सीपलाई सहायक हुने भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतितर्फ झुक्न सक्छ । नयाँ पाठ्यक्रमअनुसार ०५७/०५८ देखि विद्यालय तहको भाषा विषयमध्ये अङ्ग्रेजीको सुनाइ, बोलाइ परीक्षणको थालनी भएको छ जसमा २० पूर्णाङ्क विभाजन गरिएको छ तर नेपाली शिक्षामा प्रा.वि. तहमा मात्र यस्तो व्यवस्था भएकाले सुनाइ बोलाइलाई माथिल्ला कक्षामा कम महत्त्व दिइएको पाइन्छ ( माध्यमिक पाठ्यक्रम, २०५७) ।

भाषिक सीपहरूको मूल्याङ्कन विभिन्न प्रकृतिबाट हुने भए पनि प्रचलनमा रहेका परीक्षण तरिकाहरू निम्नअनुसार देखिन्छन् :

### २.४.१ एकीकृत र पृथकीकृत परीक्षण

भाषा शिक्षणलाई कक्षा शिक्षणमा मात्र सीमित नगरी बाहिरी क्रियाकलापहरूसँग पनि जोडेर लैजाने वातावरण सृजना गर्नुपर्छ जसले गर्दा भाषिक सीपहरूको विकास हुन

पाउँछ । भाषा शिक्षणलाई कक्षागत पृथकीकरण नगरी समग्र विद्यालयीय वातावरण र क्रियाकलापहरूसँग एकीकृत गरेर लैजाने सोच र व्यवहारमा ढाल्नु आवश्यक छ । विद्यालयीय विभिन्न गतिविधि तथा विभिन्न पूरक एवम् सम्पुरक कार्यक्रमहरूको एकीकृत स्वरूप तयार गरेर भाषा शिक्षण गर्ने प्रविधि र सोचको विकास हुनु नितान्त आवश्यक देखिन्छ (शर्मा र पौडेल, २०६० : १३) ।

भाषाका सबै सीपहरूलाई एकमुष्ट रूपमा परीक्षण गर्नुलाई एकीकृत परीक्षण भनिन्छ । यस्तो प्रकृतिको परीक्षणले भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइको परीक्षण गर्न सक्षम हुन्छ तर यस्तो परीक्षणलाई जटिल र कम विश्वसनीय मानिन्छ । नेपाली भाषाका पाठ्यक्रममा समावेश गरिएका बुँदाटिपोट, सारांश, सङ्क्षेपीकरण र बोधका साथै अनुच्छेद लेखन, टिप्पणी लेखन, चिठ्ठी लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, दैनिकी लेखन जस्ता सीप साथै भाषाका चार सीपलाई पृथकीकृत नगरी परीक्षणमा एकीकृत पद्धति अँगाल्नु राम्रो हुन्छ ।

एउटा सीप शिक्षणका सन्दर्भमा अरू एक वा सोभन्दा बढी सीप पूरकका रूपमा सँगसँगै आउने प्रवृति भाषा शिक्षणमा स्वभाविक बनेर आएको हुन्छ । बोलाइ सीपको सहारा विना सुनाइ सीप शिक्षण गर्न सकिदैन, त्यसैगरी लेखाइ सीपको सहाराविना सुनाइ सीप सम्बद्ध श्रुतिलेख, श्रुति रचना (लिखित) का कार्यकलाप गराउन सकिदैन र बोलाइको सहारा विना सस्वर पढाइ र उच्चारण अभ्यास गराउन सकिदैन । पढाइ सीप सम्बद्ध वर्णविन्यास, चिह्न प्रयोग, शब्दगठन र वाक्यगठनको धारणात्मक सुझ विना लेखाइ सीप शिक्षण गर्न गाहारो पर्दछ । हरेक सीप हरेक सीपसँग कुनै न कुनै आबद्धता गाँसिएको हुनाले भाषिक सीपलाई पृथकीकृत गरी शिक्षण गर्न नमिल्ने हुन्छ (शर्मा र पौडेल, २०६० : ११) ।

## २.४.२ पहिचानात्मक र उत्पादनात्मक परीक्षण

यसप्रकारको मूल्याङ्कनलाई उत्पादनात्मक र पहिचानात्मक पनि भन्न सकिन्छ । दिइएका उत्तरहरूमध्येबाट पहिचान गरी उत्तर दिन सकिने खालका प्रश्नहरू समावेश गरिएको मूल्याङ्कन पहिचानात्मक वा वस्तुगत हुन्छ । यस्तो मूल्याङ्कनको मौखिक र लिखित दुवै हुन सक्छ तर मूल्याङ्कनका सन्दर्भमा केही प्रश्न यस्ता पनि समाविष्ट हुन्छन् जसको उत्तर परीक्षार्थीले आफ्नै भाषामा लेखेर दिनुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई विषयगत वा उत्पादक भनिन्छ । लिखित परीक्षामा वस्तुगत प्रश्नहरू पहिचानात्मक

प्रकृतिका र विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् (शर्मा र पौडेल, २०६० : २२८) ।

पाठ्यवस्तुहरूको परीक्षण पहिचानात्मक र उत्पादनात्मक दुवै ढङ्गले गर्न सकिन्छ । व्याकरणका सैद्धान्तिक ज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरूको परीक्षण बहुविकल्पी, खालीठाउँ भर्ने, जोडा मिलाउने, समूह छुट्याउने आदि प्रश्नहरूका आधारमा पनि गर्न सकिन्छ । शब्दभण्डारको परीक्षणका लागि यस्ता प्रश्नहरू उपयोगी हुन्छन् र उक्त प्रश्नद्वारा गरिने परीक्षण पहिचानात्मक प्रकृतिको हुन्छ (बस्नेत, २०६२ : १९) ।

जब पाठ्यपुस्तकहरूको ज्ञान सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूद्वारा जाँच्न खोजिन्छ तव त्यस किसिमको परीक्षण पहिचानात्मक नभई उत्पादनात्मक प्रकृतिको हुन्छ । संज्ञानात्मक खालका ज्ञान जाँच्न सोधिने सङ्क्षिप्त उत्तरात्मक वा निबन्धात्मक खालको प्रश्न यसअन्तर्गत पर्दछन् तर सुनेको, पढेको र कण्ठस्थ गरेकोसँग सम्बन्धित प्रश्नद्वारा सैद्धान्तिक ज्ञानभन्दा प्रयोग पक्ष जाँच्न खोजिएको हुन्छ, त्यसैले त्यस्ता प्रश्नको झुकाव उत्पादनात्मकतातिर हुन्छ । अभिव्यक्ति सीपसँग सम्बन्धित सबै पाठ्यवस्तुहरूको परीक्षण पूर्णतः उत्पादनात्मक प्रकृतिको हुन्छ (ऐजन) ।

## २.४.३ औपचारिक र अनौपचारिक परीक्षण

कुनै निश्चित समयको योजनामा आधारित भइ लिइने पूर्व निर्धारित मूल्याङ्कनलाई औपचारिक मूल्याङ्कन भनिन्छ । यसलाई आवधिक मूल्याङ्कन पनि भनिन्छ । कुनै खास कक्षाको शुरु, मध्य र अन्त्यमा गरिने वा वर्षका अन्त्यमा मात्र गरिने मूल्याङ्कनलाई औपचारिक मूल्याङ्कन भनिन्छ (शर्मा र पौडेल, २०६० : २२८) । जस्तै : प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक (अर्धवार्षिक) र अन्तिम परीक्षा ।

भाषिक सीपको परीक्षण निश्चित पाठ्यक्रमकै आधारमा निर्णयात्मक दृष्टिले गरिन्छ भने त्यस्तो प्रकृतिको परीक्षणलाई औपचारिक परीक्षण भनिन्छ । यस्तो परीक्षणबाट विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण घोषित गर्नमा केन्द्रित गराइन्छ । यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न पुग्छ ।

विद्यार्थीले गरेको उपलब्धि हेरी सिकाइमा सुधार ल्याउन अनौपचारिक तरिकाबाट विद्यार्थी मूल्याङ्कन गर्नु पर्नेछ । अनौपचारिक मूल्याङ्कनमा बालबालिकाको व्यवहारिक पक्ष

हेरिनेछ । बालबालिकामा विकास भएका सीप तथा अभिवृद्धिको मूल्याङ्कन गर्न अनौपचारिक मूल्याङ्कन अपनाउनु पर्नेछ । हाललाई अनौपचारिक मूल्याङ्कन समष्टिगत रूपमा अवलोकनका माध्यमबाट हुनेछ । प्रत्येक विद्यार्थीको अनौपचारिक मूल्याङ्कनको नतिजा प्रत्येक परीक्षाको अन्त्यमा उल्लेख हुनुपर्छ (ज.ब.रा. र अन्य, २०६३ : ५५) ।

अनौपचारिक परीक्षण अभ्यासात्मक हुन्छ, जसले मूल्याङ्कनलाई अनौपचारिक कार्यहरूमा संलग्न गराई शिक्षण परीक्षण, पुनः शिक्षण पुनः परीक्षण तथा पुनः शिक्षण र पुनः परीक्षणको चक्रिय प्रक्रिया अँगालेर परीक्षाबाट प्राप्त परिणामहरूलाई विद्यार्थीको सिकाइ र शिक्षकको शिक्षण प्रक्रियामा सुधार ल्याउने काममा प्रयोग गरिनु पर्छ (अधिकारी, २०५१ : ३०) । मूल्याङ्कनलाई अनौपचारिक बनाउन आन्तरिक मूल्याङ्कनका विभिन्न प्रक्रिया अपनाई विद्यार्थीका अभ्यासात्मक कार्यकलापहरूमा निरन्तरता दिइनु अत्यावश्यक देखिन्छ तव नै परीक्षणले सार्थकता प्राप्त गर्न सक्छ ।

## २.४.४ परीक्षाका युक्तिहरू

हाल चलनचल्तीमा रहेका तीन युक्तिहरू छन् : मौखिक, लिखित र प्रयोगात्मक । यिनीहरूको चर्चा निम्नानुसार गरिन्छ ।

### २.४.४.१ मौखिक परीक्षा

लिखित र प्रयोगात्मक परीक्षाबाट लेखाजोखा गर्न नसकिने कतिपय पक्षहरूको मूल्याङ्कन गर्न मौखिक परीक्षाको उपयोग गरिन्छ । परीक्षार्थी र परीक्षकबीच प्रत्यक्ष सम्पर्क गरी मौखिक रूपमा प्रश्नोत्तर गर्ने कार्यलाई मौखिक परीक्षा भनिन्छ । परीक्षकले सोधेका प्रश्न परीक्षार्थीले उत्तर दिन्छन् । परीक्षार्थीले दिइएको उत्तर स्तर, मात्रा, ठिक बेठीक आदिको आधारमा स्तर निर्धारण गर्ने कार्य गरिन्छ । कुनै बेला समूहमा प्रश्नोत्तर गर्न एकभन्दा बढी परीक्षाको समेत व्यवस्था हुन सक्दछ (ज.ब.रा. र अन्य, २०६३ : ११२) ।

मौखिक परीक्षा भाषिक मूल्याङ्कनका लागि अत्यावश्यक माध्यम हो । यस्तो जाँचबाट सुनाइसम्बन्धीः श्रुतिबोध, वर्ण विभेदीकरण,  बोलाइसम्बन्धी विभिन्न सीपहरू : वस्तु तथा चित्रवर्णन, घटना वर्णन, रूचि वर्णन, कुराकानी आदि तथा पढाइसम्बन्धी : सस्वर उच्चारण, पठन बोध, शब्द प्रयोगजस्ता कुराको मूल्याङ्कन गर्न सकिन्छ । कतिपय भाषिक सीपको त मौखिक जाँचविना मूल्याङ्कन नै हुन सक्दैन । विशेषतः पढ्न र लेख्न

नसिकेका प्राथमिक तहका विद्यार्थीहरूका लागि यस्तो परीक्षा प्रभावकारी मानिन्छ । त्यस्तै तल्लादेखि उपल्ला कक्षामा क्रमशः मौखिक परीक्षाको अङ्कभार घटाउँदै राखिएको पनि पाइन्छ ।

### २.४.४.२ **लिखित परीक्षा**

लिखित परीक्षालाई निम्नअनुसार वर्गीकरण गरी अध्ययन गरिन्छ :

तालिका नं. : १

बनोटको आधारमा प्रश्नपत्रको प्रकृति

लिखित परीक्षा निर्णयात्मक र निर्माणात्मक दुवै कार्यका दृष्टिले उपयोगी मानिन्छ । भाषिक अभिव्यक्ति सीप र त्यसका अन्य पक्षहरूको परीक्षणका लागि लिखित परीक्षा अनिवार्य मानिन्छ । बोध क्षमता, भाषातात्त्विक धारणा र यसको परीक्षणमा पनि लिखित परीक्षाको उपयोग गर्ने गरिन्छ (बस्नेत, २०६२ : २०) । लिखित परीक्षा वस्तुगत र विषयगत प्रश्नहरू निर्माण गरी परीक्षण गर्ने प्रचलन छ । वस्तुगत प्रश्न निर्माण गर्न गाह्रो तर परीक्षणमा सरल हुन्छ । विषयगत प्रश्न निर्माण गर्न सजिलो तर परीक्षणमा कठिन मानिन्छ ।

### २.४.४.३ **प्रयोगात्मक परीक्षा**

विद्यालयीय विषयहरूमा प्रयागात्मक कार्यहरू पनि हुन्छन् । जस्तै : विज्ञान विषयमा प्रयोग कार्य महत्त्वपूर्ण भाग हो । त्यस्तै भाषा, सामाजिक अध्ययनमा पनि परियोजनाको रूपमा प्रयोगात्मक कार्यमा जोड दिइन्छ । अतः यस्ता विषयहरूमा प्रयोगात्मक कार्यहरूको पनि मूल्याङ्कन गर्नुपर्छ । प्रयोगात्मक परीक्षणले विद्यार्थीको मनोगति क्षेत्रको विकासको मापन गर्न सकिन्छ (ज.ब.रा. र अन्य, २०६३ : १३१) । लिखित र मौखिक परीक्षाबाट मापन

गर्न नसकिने पाठ्यवस्तुको परीक्षणका लागि प्रयोगात्मक परीक्षाबाट मूल्याङ्कन गर्ने गरिन्छ । विज्ञान र अन्य विषयमा परियोजना कार्यलाई प्रयोगात्मक परीक्षाको रूपमा लिइदै आएको पाइन्छ ।

भाषिक सामर्थ्यको कारण लेखनमा निपुणता हुँदैमा श्रवण, पठन र वक्तृत्वकलामा पनि निपुण छ भन्न सकिँदैन । सुनाइको एकाग्रता, बोलाइको हाउभाउ र चेष्टा, स-स्वर पठनको आरोह अवरोह, गति, यति, लय, श्रोतप्रतिको सचेष्टता जस्ता कुराको जाँच प्रयोगात्मक परीक्षाबाटै हुने भएकाले भाषिक मूल्याङ्कनका साधनमा प्रयोगात्मक परीक्षा अत्यावश्यक भएको पुष्टि हुन्छ । प्रयोगात्मक परीक्षणका लागि अवलोकन पर्यवेक्षण सुपरिवेक्षणलाई प्रमुख युक्तिका रूपमा लिइन्छ ।

## २.५ परीक्षणका प्रचलित तरिका

शिक्षा तथा मनोविज्ञानको क्षेत्रमा परीक्षणहरू एक अभिभाज्य अंशको रूपमा रहेका हुन्छन् । यी दुवै क्षेत्रमा भएका गुणात्मक परिवर्तनको मापन गर्ने परीक्षणहरू प्रयोग गरिन्छन् । यी क्षेत्रमा प्रयोग गरिने परीक्षणहरूलाई मोटामोटी २ भागमा वर्गीकरण गर्न सकिन्छ (ज.ब.रा. र अन्य, २०६३ : १०४) । यसको चर्चा निम्नानुसार गरिन्छ :

### २.५.१ शिक्षक निर्मित परीक्षण

यी परीक्षणहरू शिक्षकले आफ्ना विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरूको मापन गर्न तयार गर्दछन् । यी परीक्षण पाठ्यक्रमको सानो अंशको लागि (एकाइ परीक्षा) अथवा सम्पूर्ण पाठ्यक्रमको लागि (वार्षिक परीक्षा) तयार गरेका हुन सक्दछन् । यिनीहरूको विश्वसनीयता तथा वैधता मध्यमस्तरको हुन्छ (ज.ब.रा. र अन्य, २०६३ : १०४) । यस्तो प्रकारको परीक्षा विषय शिक्षणको क्रममा कक्षाको आवश्यकताअनुसार शिक्षकद्वारा अपनाइने परीक्षण प्रक्रियामा आधारित हुन्छ । स्तरयुक्त परीक्षाको दाँजोमा यो किफायत, प्रविधिमा सुलभ र कम समयमा प्रयोग गर्न सकिन्छ ।

स्थानीय स्रोत, साधन र आवश्यकताको उपयोगका दृष्टिले पनि शिक्षक निर्मित परीक्षा सरल, सुगम र व्यवहारिक भएको पाइन्छ । शिक्षणीय विषयवस्तुको सीमाभित्र बाँधिएर अभिप्रेरणामूलक शिक्षणसिकाइ कार्य सञ्चालन गर्न, निराकरणात्मक शिक्षण प्रक्रियाहरू रोज्न तथा वाञ्छित उद्देश्यअनुरूपका अपेक्षित उपलब्धिहरू विद्यार्थीहरूमा

स्तरयुक्त ढङ्गले विकास गर्नमा शिक्षक निर्मित परीक्षा सहायक हुन्छ । तालिम प्राप्त शिक्षकहरूको अभाव, कार्यबोझको अधिकता, अत्याधुनिक मापन र मूल्याङ्कन अवधारणाहरूको कम जानकारी, स्रोत र साधनको अभाव, आर्थिक अभाव इत्यादि वस्तुगत समस्याहरूले शिक्षक निर्मित परीक्षा राम्रोसँग व्यवहारमा उत्रन नसकेको देखिए तापनि यी समस्याहरूको समाधानका उपायहरू खोजी उपयुक्त व्यवस्था मिलाउन सकेको खण्डमा वाञ्छित लक्ष्यसम्म पुग्न सक्ने देखिन्छ ।

### २.५.२ प्रामाणिक परीक्षण

प्रमाणिक परीक्षण यस्ता परीक्षणहरू हुन् जसले विश्वसनीय तथा वैध परिमाणहरू प्रदान गर्दछ । यसको निर्माण विशेषज्ञ, मनोवैज्ञानिक, तथ्याङ्कशास्त्री आदि हुन्छन् । परीक्षणको विश्वसनीयता तथा वैधता स्थापित गर्न यसको पूर्वपरीक्षण गरिन्छ (ज.ब.रा. र अन्य, २०६३ : १०४) । यो एउटा पूर्वघोषित परीक्षा हो । विभिन्न विषयविज्ञ र शिक्षाविद्‌हरूबाट वैज्ञानिक तरिका अपनाएर खास स्तर र विषयका लागि राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय आदि मानकमा आधारित हुन्छ । जस्तो कक्षा ११ र १२ को अन्तिम परीक्षा, एस.एल.सी. परीक्षा, कक्षा आठको जिल्लास्तरीय परीक्षा, कक्षा पाँच र तीनको उपलब्धि परीक्षा आदि । यस्तो परीक्षा व्यापक विश्वसनीय र वैध हुने विश्वास गरिन्छ ।

यस्तो परीक्षा पूर्वघोषित भएकाले यसको सञ्चालन प्रक्रिया, अङ्कन प्रक्रिया पहिले नै घोषणा गरिन्छ । प्रयोग गरिने प्रश्नहरू पूर्वपरीक्षण गरिने हुनाले स्तरयुक्त हुन्छन् । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूर्ण गर्न सक्ने खालका हुन्छन् । सङ्गठित संस्थाले योजनावद्ध र विस्तृत रूपमा सञ्चालन गर्ने यस्ता परीक्षा खर्चिला र जटिल हुन्छन् तर शिक्षणीय कार्यका लागि विद्यार्थी वर्गीकृत गर्ने तथा विषयवस्तु र सीपका आधारमा विद्यार्थीहरूको सापेक्षित सवलता र दुर्वलता छुट्याउन सक्ने निर्णयात्मक किसिमको हुन्छ ।

## २.६ भाषिक परीक्षण योजना

भाषिक सीप परीक्षणको हालसम्मको स्थितिलाई हेर्दा हतार-हतारमा हचुवाको भरमा प्रश्नपत्रहरू निर्माण गर्ने प्रचलन रहेको छ । यसरी प्रश्नपत्रहरू निर्माण गर्दा जुन सीपको परीक्षण हुनुपर्ने हो, त्यसरी नभएको पनि देखिन्छ । तसर्थ भाषिक परीक्षणका लागि योजनावद्ध ढङ्गले प्रश्नपत्रहरू निर्माण गर्दा परीक्षण उद्देश्य निर्धारण, पाठ्यक्रम विश्लेषण,

विशिष्टिकरण तालिका निर्माण जस्ता चरणहरू अपनाउन सकिन्छ (बस्नेत, २०६२ : २३) । उक्त चरणहरूको व्याख्या निम्न अनुसार गरिन्छ :

### २.६.१ परीक्षण उद्देश्यको निर्धारण

परीक्षण योजनाको सबभन्दा पहिलो कार्य परीक्षण उद्देश्यको निर्धारण हो । खास तह र कक्षाका परीक्षार्थीहरूले खास शिक्षण अवधिभित्र हासिल गर्नुपर्ने ज्ञान, सीप, उपयोग गरिने लागिएको परीक्षणले समेट्न सक्छ कि सक्दैन भनेर विचार पुऱ्याउनु आवश्यक छ साथै उक्त परीक्षणको स्तरीयता, स्पष्टता, वैधता, व्यावहारिकता आदि परीक्षाका गुणहरूलाई समेत ध्यान पुऱ्याउनु पर्ने हुनाले र उद्देश्यका क्षेत्र (संज्ञानात्मक, भावात्मक, मनोक्रियात्मक) समेट्ने गरी उद्देश्य निर्धारण गर्नुपर्छ ।

### २.६.२ पाठ्यक्रम विश्लेषण

परीक्षण योजना गर्दा पाठ्यक्रम नै मूल आधार हुने गर्छ । पाठ्यक्रममा उल्लेखित क्षेत्र, विधा र सिकाइ उपलब्धि मापन गर्न के-कस्ता परीक्षणीय वस्तु संलग्न गर्नुपर्छ भनी उद्देश्यसँग एकीकृत गर्नुपर्छ र प्रश्नहरूले पाठ्यक्रमको परिधि र मर्मलाई समेट्न सक्नुपर्छ ।

### २.६.३ विशिष्टीकरण तालिका निर्माण

विशिष्टीकरण तालिका द्वितर्फी मानचित्र हो, जसले पाठ्यविषयसँग शैक्षणिक उद्देश्यहरूलाई सम्बन्धित गराउँछ र यसले उपेक्षित प्रश्न नमुनाको प्रकृतिलाई प्रष्ट पार्छ । इन्जिनियरलाई नक्साले जुन किसीमको सहयोग गर्छ । यसरी यस तालिकाले परीक्षण निर्मातालाई सहयोग गर्छ । यसलाई परीक्षणको नक्सा पनि भनिन्छ । यसले तयारी वस्तुको अपेक्षित विशेषताको वर्णन गर्छ । यस तालिकाले शैक्षणिक उद्देश्यमा पाठ्य परीक्षणले सन्तुलित रूपमा मापन गर्छ भन्ने कुरामा प्रष्ट पार्छ (ज.ब.रा र अन्य, २०६३ : १३४) । परीक्षण योजनाको अर्को महत्त्वपूर्ण कदम विशिष्टीकरण तालिका निर्माण हो । यसबाट कति, कुन-कुन प्रकारका प्रश्न सोध्ने र कति अङ्कभार प्रश्नहरूलाई दिने , कति समय, कति चित्रहरू प्रयोगमा ल्याउने भनी अग्रीम योजना बन्ने हुनाले पाठ्यक्रमका विधा, क्षेत्र र सिकाइ उपलब्धि बढीभन्दा बढी समेट्न सकिन्छ । विश्वसनीय, वैध र व्यावहारिक प्रश्नहरू निर्माण गर्न सकिन्छ ।

तालिका सङ्ख्या : २

विशिष्टीकरण तालिकाको नमुना

विषय : नेपाली                                                  कक्षा : ८

| क्र. सं. | प्र.का प्रकार प.ले. क्षेत्र | विद्या | प्रश्नको तह | | | | प्र. स., अङ्कभार र समय | | | स्पस्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्या.सीप | उ. क्ष. | प्र.स. | अङ्कभार | समय | |
| १ | शब्द भण्डार | क) शब्दार्थ | १ | - | - | - | १ | २ | ४मि. | क) पाठ्यपुस्तकका पाठहरू ४ ओटा शब्दको अर्थ लेख्न दिने । |
| | | ख)शब्द पहिचान | - | - | १ | - | १ | ३ | ४मि. | ख) पर्यायवाची, विपरीतार्थी, श्रुतिसम भिन्नार्थी, अनेकार्थी शब्दबाट निर्देशन वा सङ्केत बमोजिम अर्थ पहिचान गरी लेख्न लगाउने । |
| | | ग) वाक्य निर्माण | - | - | १ | - | १ | ५ | ९मि. | ग) अनुकरणात्मक शब्द, पारिभाषिक/प्राविधिक निपात, उखान टुक्काबाट एक एक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २ | ... | ... | ... | ... | ... | ... | ... | ... | ... | ... |

## २.७ प्रश्नपत्रको परिचय

प्रश्नले जिज्ञासा प्रकट गर्दछ । कुनै पनि विषयका बारेमा मनमा उत्पन्न जिज्ञासा प्रकट गर्ने अभिव्यक्ति नै प्रश्न हो । तर जिज्ञासाको लागि मात्र प्रश्न गरिँदैन । नेपाली बृहत् शब्दकोशमा प्रश्नको बारेमा भनिएको छ :

- कुनै कुराको उत्सुकता मेट्नका लागि अथवा उचित जवाफ पाउनका लागि कसैलाई सोधिने शब्द, वाक्य वा वाक्यसमूह, सवाल ।

- त्यसै उद्देश्यले गरिने मुखमुद्रा हाउभाउ, साउती आदिको प्रदर्शनी ।
- छात्रको योग्यता जाँच्नका लागि शिक्षण संस्थाले पारेको लिखित वा मौखिक सवाल आदि ।

प्रश्नपत्रका बारेमा उपयुक्त भनाइबाट शिक्षण सिकाइका क्षेत्रमा प्रयोग गरिने प्रश्नको प्रयोजन भनेको विद्यार्थीले निश्चित समयावधिभित्र के कति उपलब्धि हासिल गर्न सके भनेर मापन गर्नु हो । यो यस्तो सामग्रीपत्र हो जसबाट विद्यार्थीको उपलब्धिको मापन बेलाबेला गरिरहनु पर्ने हुन्छ साथै उनीहरूको शिक्षण सिकाइ कार्यकलापमा निर्माणात्मक सुधार पनि रहेको हुन्छ । यसका लागि विद्यार्थीको बौद्धिक स्तर, विषयगत सक्षमता, ज्ञान, सीप, अभिवृत्ति मापन गर्न लिखित, मौखिक र प्रयोगात्मक प्रकृतिका प्रश्नको उपयोग गर्ने गरिन्छ ।

## २.७.१ प्रश्नपत्रको प्रकृति (बनोटका आधारमा)

प्रश्नपत्रलाई सोधाइको प्रकृतिको आधारमा मुख्य गरी दुईभागमा बाँड्न सकिन्छ : विषयगत र वस्तुगत । विषयगतभित्र निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू हुन्छन् भने वस्तुगत प्रश्नभित्र बहुवैकल्पिक, जोडामिलाउने, खालीठाउँ भर्ने, ठीकबेठीक छुट्याउने आदि प्रश्नहरू पर्दछन् ।

### २.७.१.१ विषयगत प्रश्न

विषयगत परीक्षण धेरै पहिलेदेखि प्रचलित प्रणाली हो । यसमा परीक्षार्थीहरूले बुझेको, सम्झेको, सिकेको विषयवस्तुमा आधारित भएर मौलिक अभिव्यक्तिद्वारा समेत लेख्ने गर्दछन् । विषयगत परीक्षणमा परीक्षार्थीले प्रश्नको आधारमा लामो र छोटो उत्तर लेख्नुपर्ने हुन्छ (ज.ब.रा. र अन्य, २०६३ : ११५) । विषयवस्तुलाई विशेष जोड दिएर विषयवस्तुको ज्ञान जाँच्न निर्माण गरिने प्रश्नहरूलाई विषयगत प्रश्न भनिन्छ । विषयवस्तुमा जोड दिए पनि प्रस्तुतिमा शिक्षार्थीहरूले व्यक्तिगत क्षमता समावेश हुने भएकाले यस प्रकृतिका प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न भन्ने गरिन्छ । विषयगत प्रश्नभित्र दुई प्रकारका प्रश्नहरू रहन्छन् : निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक ।

### २.७.१.१.१ निबन्धात्मक प्रश्न

सामानयतः एकभन्दा बढी अनुच्छेदमा निबन्ध जस्तै लामो तरिकाले लेखिने चिठी, दैनिकी, प्रतिवेदन, वर्णन, व्याख्या, विवेचना, समीक्षा आदि लिखित अभिव्यक्तिको रचना परीक्षणका लागि यस्ता प्रश्नको उपयोग गरिन्छ । वाक्यरचनागत उपयुक्तता, शब्दप्रयोग उपयुक्तता, सिलसिलाबद्धता, अनुच्छेद गठन, विषयवस्तुको प्रासङ्गिकता, वर्णविन्यास र शब्द प्रयोग आदि सीपको परीक्षणका लागि पनि निबन्धात्मक प्रश्नको उपयोग गरिन्छ । निबन्धात्मक प्रश्नलाई अभिव्यक्तिसीप जाँच्ने र खास विषयवस्तुको ज्ञान जाँच्ने गरी दुई किसिमबाट उपयोग गर्न सकिन्छ । अभिव्यक्ति सीपका लागि स्वतन्त्र र निर्देशित प्रकारका प्रश्नहरू राख्न सकिन्छ र यस्ता प्रश्नहरू विषयवस्तुको ज्ञानभन्दा विषयवस्तुको संयोजन, सङ्गठन, प्रस्तुतीकरण, मौलिकता तथा भाषा प्रयोगको सन्दर्भगत उपयुक्तता जाँच्नमा केन्द्रित हुन्छन् । विषयवस्तुको ज्ञान जाँच्न सोधिने प्रश्नहरू भाषिक सीपभन्दा विषयवस्तुको ज्ञानपक्षमा केन्द्रित रहने भएकाले वर्णनात्मक, विवेचनात्मक र समीक्षात्मक प्रकृतिका रहन्छन् (शर्मा र पौडेल, २०६० : २३४) ।

निबन्धात्मक प्रश्न उत्पादनात्मकतातर्फ जोड दिई विद्यार्थीको जीवन सापेक्ष विषयवस्तुमा आधारित विषयशीर्षक दिएर स्पष्ट रचना उद्भाषित गर्न सक्ने परिस्थिति सृजना गर्नु पर्दछ । निबन्धात्मक प्रश्नमा निश्चित बुँदाहरू दिएर नियन्त्रित लेखनको रूपमा उपयोग गर्न सकिए तापनि स्वतन्त्र लेखन सीप परीक्षण गर्नमा नै बढी केन्द्रित बनाउनु आवश्यक छ (ज.ब.रा. र अन्य, २०६३ : ११८) ।

### २.७.१.१.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

एक दुई वाक्य वा एक अनुच्छेदसम्ममा उत्तर दिन सकिने प्रश्न सङ्क्षिप्त उत्तरात्मक प्रश्न हुन् । वैयक्तिक शैली, प्रस्तुति, सङ्गठन र वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र सङ्क्षिप्तता, सङ्ख्यात्मक, बहुलता, प्रयोजनपरकता, प्रयोग पहिचानात्मकता आदिका दृष्टिले वस्तुगतताको गुणसमेत झल्कने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भन्न सकिन्छ । परीक्षार्थीलाई ठोस उत्तर दिन, सन्तुलित उत्तर दिन, परीक्षणीय कुरामा केन्द्रित बनाउन र विषयवस्तुका व्यापक पक्षमा सजग रहन सहायक भूमिका खेल्ने हुनाले यस्ता प्रश्नमा परीक्षणमा हुनुपर्ने वैधता, विश्वसनीयता, विभेदकारिता र व्यावहारिकता जस्ता गुणहरू रहन्छन् । भाषिक सीप र

धारणाहरूको तथा भाषातात्त्विक वा व्याकरणगत प्रयोग र पहिचानसमेत एकीकृत परीक्षण गर्न सरल र सुगम हुने हुनाले यस्ता प्रश्नहरू अपेक्षाकृत उपयोगी र महत्त्वपूर्ण मानिन्छन् (शर्मा र पौडेल, २०६० : २३४) ।

### २.७.१.२ वस्तुगत प्रश्न

विषयगत परीक्षा प्रणाली अन्तर्गत रहेको निबन्धात्मक परीक्षण प्रणालीको तुलनामा सङ्क्षिप्त उत्तर प्रणालीको विस्तार हुन थाल्यो । यसका कतिपय दोषका विरुद्ध पश्चिमी मुलुकहरूले यस प्रणालीलाई सुधार गरी वस्तुगत परीक्षण प्रणालीको शुरु गरे (ज.ब.रा. र अन्य, २०६३ : १२१) । एकपटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने विशेषता भएको यस्ता प्रश्नहरू विशेषतः बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरणतत्त्वको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् । अभिव्यक्ति सीप परीक्षणमा उपयोगी नभए पनि यस्ता प्रश्नहरू परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् । वस्तुगत मुख्यत निम्नानुसार रहेका हुन्छन् :

#### २.७.१.२.१ बहुवैकल्पिक प्रश्न

प्रश्नमा नै ३/४ वटासम्म वैकल्पिक उत्तरहरू दिई ठीक उत्तरमा चिह्न लगाउने प्रश्नलाई बहुवैकल्पिक प्रश्न भनिन्छ । भाषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरू श्रुतिबोध र पठनबोध, व्याकरण तत्त्व, वर्णविन्यास, शब्दार्थ, वाक्यगठन आदि कुराको धारणात्मक ज्ञानका लागि उपयोगमा ल्याइन्छन् । प्रारम्भिक कक्षामा यस्ता प्रश्न बढी प्रयोग गरिए पनि उच्च तहमा पनि महत्त्व दिँदै उपयोग गरिएका पाइन्छन् ।

#### २.७.१.२.२ खालीठाउँ भर्ने प्रश्न

प्रश्नका आधार  वाक्यमै निश्चित शब्दहरू हटाएर खाली राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खालीठाउँ भर्ने प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू खुल्ला र वैकल्पिक प्रकृतिका हुन्छन् । खुल्लामा प्रश्नभित्र कुनै सुइँको दिइँदैन जसलाई विद्यार्थीहरूले आफूले पढेको आधारमा सम्झेर सोचेर पूर्ण गर्नुपर्ने हुन्छ । वैकल्पिक प्रकृतिका प्रश्नमा खाली ठाउँ भएका वाक्यहरू दिई प्रत्येकको पछाडि कोष्टकमा विकल्पहरू ३/४ वटासम्म दिइन्छ र सही विकल्पको चयन गरी पुनर्लेखन गर्नुपर्छ । यस्ता वैकल्पिक प्रकृतिका

खालीठाउँ भर्ने प्रश्नहरू वाक्यगठनमा वाक्यतत्त्वहरूको सङ्गति मिलाउन र पदहरूको छनोट गर्ने सुझ परीक्षणका लागि उपयोग गरेको पाइन्छ ।

#### २.७.१.२.३ जोडा मिलाउने प्रश्न

वाक्य वा शब्दहरूलाई दुई समूहमा राखी प्रायः दोस्रो समूहलाई छ्यासमिस गराएर दिई अघिल्लो समूहको निर्देशित ठाउँमा दोस्रो समूहको उपयुक्त वाक्य शब्द पूरै वा सङ्केत उल्लेख गर्नुपर्ने खालका प्रश्न जोडा मिलाउने प्रश्न हुन् । खास गरी पहिचानात्मक प्रकृतिका श्रुतिबोध र पठनबोधसम्बन्धी ज्ञान पक्षलाई परीक्षण गर्नमा प्रयोग गरिने यस्ता प्रश्नलाई प्रारम्भिक कक्षाहरूमा मात्रै प्रयोग गरिएको छ ।

#### २.७.१.२.४ ठीक बेठीक छुट्ट्याउने प्रश्न

गलत वा शुद्ध वाक्यहरू छ्यासमिस तरिकाले दिई ठीक वाक्य र गलत वाक्यका लागि निश्चित अक्षर वा सङ्केतले छुट्याउने खालका प्रश्न यसमा पर्दछन् । श्रुतिबोध, पठनबोध, वाक्यगठन, शब्दप्रयोगको परीक्षणका लागि यस्ता प्रश्न उपयोग गरिन्छन् । परीक्षणीय दृष्टिले त्यति विश्वसनीय र उपयुक्त नहुने भए पनि प्रायः तल्ला तहमा यस्ता प्रश्नहरूको उपयोग गरेको देखिन्छ ।

## २.८ प्रश्नको सङ्गठन र निर्देशन

निर्माण गरिने प्रश्नहरूलाई सङ्गठित गरी प्रश्नका प्रकृति र परीक्षणीय उद्देश्य अनुसार समूह विभाजन गरेर सरलदेखि जटिलताको क्रममा राख्नुपर्छ । जस्तो निबन्धात्मक, सङ्क्षिप्त उत्तरात्मक व्याख्यात्मक, रचनासम्बन्धी, शब्दभण्डार, व्याकरणसम्बन्धी बहुवैकल्पिक, खालीठाउँ भर्ने, जोडा मिलाउने आदि ।

प्रश्नहरूको उपयुक्त सङ्गठन गरेपछि प्रत्येक समूह र प्रकृतिका प्रश्नमा सरल र स्पष्ट भाषामा उपयुक्त निर्देशन सुरुमा दिइनु पर्छ र अङ्कभार पनि उल्लेख गरिनु पर्छ । निर्देशन अस्पष्ट भएमा अपेक्षित उत्तर पनि आउन सक्दैन र प्रश्नप्रति नै गम्भीर प्रश्न उठ्न सक्छ । यसकारण प्रश्ननिर्माण गर्दा प्रश्नपत्रको स्वरूप लगायत यसमा संलग्न तथ्यहरूको राम्ररी अध्ययन गरी स्तरअनुसार उपयुक्त खालको छपाइ हुनु पनि त्यत्तिकै आवश्यक हुन्छ (बस्नेत, २०६२ : ३०) ।

## २.९ परीक्षण प्रशासन र अङ्कन विधि

परीक्षणका लागि त्यसका क्रमिक चरणहरूका साथै प्रशासन व्यवस्था र अङ्कन व्यवस्थाको पनि पूर्वतयारी गरिन्छ । परीक्षार्थी सङ्ख्या, परीक्षण स्थल, भवन, कोठा, फर्निचर, वातावरण सुरक्षा इत्यादि सम्पूर्ण कुराको पूर्वअध्ययन गरी त्यसैअनुरूप आवश्यक स्रोत, साधन, खर्च, कर्मचारी र भौतिक साधनहरूको पूर्वव्यवस्था मिलाउनुपर्छ । यसको सुसञ्चालन र व्यवस्थापनको विषय नै प्रशासन हो (ऐजन) ।

परीक्षण योजनको क्रममा व्यवस्थित र वैज्ञानिक अङ्क मापनका लागि पूर्वसचेत हुनु जरुरी छ । अङ्क मापनमा विश्वसनीयता र वैधता होस्, कुशल परीक्षकबाट उत्तरपुस्तिका परीक्षण होस्, पूर्वाग्रहको सम्भावना नरहोस र अपेक्षित उद्देश्यहरू मापन हुन सकून् भनेर पहिलै विचार पुऱ्याउनु जरुरी छ । यसका लागि आवश्यक सर्त पूरा गराइनु पर्छ । केही प्रमुख अङ्क मापन विधिहरूको चर्चा तल गरिएको छ :

### २.९.१ बुँदागत अङ्कमापन

प्रश्नका परीक्षणीय आशयलाई विभिन्न बुँदामा परिणत गरी सोअनुरूप प्रश्नको अङ्कभारलाई विभाजित गरेर, त्यसैबमोजिम उत्तरमात्र हेरी अङ्कमापन गर्ने विधिलाई बुँदागत अङ्कमापन भनिन्छ (शर्मा र पौडेल, २०६० : २३७) । प्रश्नका उत्तरलाई प्रश्न निर्माणसँग बुँदागतरूपमा तयार गरी तिनको  अङ्कविभाजन समेत गरेर सोही अनुरूप बुँदाका आधारमा उत्तरपुस्तिकाको परीक्षण गर्दा वैधता र विश्वसनीयता कायम हुन्छ ।

### २.९.२ प्रश्नगत अङ्कमापन

उत्तरपुस्तिका परीक्षणका क्रममा एउटा उत्तरपुस्तिकाको एकैपटक सबै उत्तरहरूको मापन नगरी एउटा उत्तरपुस्तिकाको पनि सोही प्रश्नको मात्र उत्तर परीक्षण गर्ने प्रक्रिया नै प्रश्नगत अङ्कमापन हो (शर्मा र पौडेल, २०६० : २३७) । एउटा उत्तरपुस्तिकाको परीक्षण गरिसकेपछि अर्को उत्तरपुस्तिकाको परीक्षण गर्दा हुन सक्ने विविध परिस्थिति जस्तै : परीक्षकको मानसिक अवस्था, विचार, भावना आदि कारणहरूले परीक्षामा विविधता नआओस् भन्ने हेतुले प्रश्नगत अङ्कमापन प्रणालीको विकास गरिएको हो ।

### २.९.३ बहुपरीक्षकद्वारा अङ्कमापन

परीक्षार्थीद्वारा उत्तरपुस्तिकालाई एउटा परीक्षकद्वारा मात्र अङ्कन नगराई तीन चारजना परीक्षकद्वारा गराउने र औसत अङ्कलाई निर्णायक अङ्कका रूपमा स्थापित गर्ने विधिलाई बहुपरीक्षकद्वारा अङ्कमापन भनिन्छ ( शर्मा र पौडेल, २०६० : २३८) । अङ्कमा एकरूपता र विश्वसनीयता ल्याउन यो विधि उपयुक्त मानिन्छ ।

### २.९.४ समूहगत अङ्कमापन

परीक्षार्थीहरूका उत्तर पत्रहरूलाई पहिले सरसर्ती हेरेर अति उत्तम, उत्तम, मध्यम, निम्न र अति निम्न आदि समूहमा छुट्याइ राख्ने र त्यसपछि एउटा समूहको उत्तर जाँचिसकेपछि क्रमशः अन्य समूहको उत्तर जाँचेर अङ्कन गर्ने विधिलाई समूहगत अङ्कमापन विधि भनिन्छ (ऐजन) । यसरी उत्तरपुस्तिकाको अङ्कन गर्दा, वर्गीकरण गर्न कठीन हुने र बौद्धिक वर्ग समेत आवश्यक पर्ने भएको हुँदा यो विधि त्यति व्यवहारमा ल्याएको देखिँदैन ।

## २.१० प्रश्न विश्लेषणका आधार

त्रुटिपूर्ण प्रश्नहरूको निर्माणले भाषिक सीपको दुरुस्त परीक्षण गर्न सकिदैन र शिक्षण सिकाइलाई सहयोग पुऱ्याउन पनि सकिँदैन । प्रश्नका साना त्रुटिले दूरगामी परिणाम नराम्रो हुन सक्छ । प्रश्ननिर्माण प्रक्रियामा सुधार गरी परीक्षणलाई वैध एवम् पृष्ठपोषणमुखी बनाउन भाषिक प्रश्नमा हुनुपर्ने गुण र त्रुटिक्षेत्रको आधारमा गरिने प्रश्न-विश्लेषणलाई दुई आधारमा हेर्न सकिन्छ ।

### २.१०.१ तथ्याङ्कशास्त्रीय आधार

यस आधारमा प्रश्नहरूको विश्लेषण गर्दा प्रश्न र उत्तरपत्रहरूको अध्ययन गरी गणितीय आधारबाट, विश्वसनीयता, वैधता तथा कठिनाइस्तरको लेखाजोखा गरेर उपयुक्तता पहिचान गरी निष्कर्ष निकालिन्छ । प्रयोग क्षेत्रसम्म जानुपर्ने, सीमित समय बढी खर्च र स्रोतका अभावका कारण यो आधारबाट विश्लेषण गर्न एक्लो प्रयासबाट असम्भव प्रायः हुन्छ । त्यसैले विशेष किसिमका सामूहिक अनुसन्धान र संलग्नतामा मात्र यस प्रकारको प्रश्न-विश्लेषण सम्भव हुनसक्छ (बस्नेत, २०६२ : ३३) ।

## २.१०.२ सैद्धान्तिक आधार

यस आधारमा प्रश्न निर्माणका सिद्धान्तहरूलाई हेरेर प्रश्नको विश्लेषण गरी समग्र प्रश्नपत्रको (प्रतितिधि) आन्तरिक र बाह्य स्वरूपका दृष्टिले वैधता, उपयुक्तता, व्यावहारिकता आदिलाई केलाई निष्कर्षमा पुग्ने गरिन्छ (ऐजन) । सैद्धान्तिक आधारमा गरिने प्रश्न विश्लेषण बढी व्यावहारिक एवम् सोद्देश्यपूर्ण ठहरिने देखिएकोले वैयक्तिक किसिमका अध्ययनमा यही आधारलाई अवलम्बन गर्ने गरिएको पाइन्छ । वास्तवमा प्रश्नको सैद्धान्तिक विश्लेषणमा प्रशनपत्रको उद्देश्य, प्रकार, निर्माण र प्रयोगसम्म पुग्दा प्रश्नपत्रहरूले लिन सक्ने व्यापकता र विश्वसनीयताले शैक्षिक प्रक्रियामा ठूलो महत्त्व राख्दछ । परीक्षामुखी शिक्षा प्रणाली भएको हाम्रो राष्ट्रमा मूल्याङ्कनका साधनहरू कम प्रयोग भइरहेको परिप्रेक्ष्यमा प्रश्नपत्रले सकेसम्म विद्यार्थीको समग्र पक्ष हेर्न सक्ने क्षमता लिनुपर्छ । यसप्रकारको प्रश्न-विश्लेषणका दुई आधार हुन सक्छन् : आन्तरिक र बाह्य ।

### २.१०.२.१ आन्तरिक आधार

कुनै प्रश्न एवम् प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई केही असर त गर्छ तर बाह्य स्वरूप औपचारिक तत्त्व हो भने आन्तरिक वैधता प्रश्नपत्रको अनिवार्य तत्त्व हो । प्रश्नको आन्तरिक बनोटले नै परीक्षणको दिशा निर्धारित गर्दछ, सीमाङ्कन गर्दछ एवम् वास्तविक उद्देश्य हासिल गराउन मार्गनिर्देशन गर्दछ । अतः कुनै पनि प्रश्नको उद्देश्यपरकता, प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथा वैषयिक उपयुक्तता इत्यादिको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययन गरेर निर्क्यौल गर्न सकिन्छ (पौडेल- १०, २०५८ : ३३) ।

त्यसैले भाषिक प्रश्नविश्लेषणको केन्द्रीय पक्ष आन्तरिक वैधताका दृष्टिले प्रश्नहरूको अध्ययन गरी उपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त प्रश्नहरूको निर्माण गर्नु हो । आन्तरिक आधारमा प्रश्नपत्र विश्लेषणका लागि निम्न लिखित पाँच आधारहरू लिन सकिन्छ जस्तै : पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्ष र भाषा । यिनै आधारहरूमा विभिन्न उपआधारहरू समेत खडा गी पाठ्यक्रमको उद्देश्य सीमा र मर्मलाई पछ्याउन सके नसकेको बारे अध्ययन गर्न सकिन्छ । आन्तरिक दृष्टिले सर्वाधिक महत्त्वपूर्ण पक्ष भनेको प्रश्नमा हुनुपर्ने गुण हो । अतः प्रश्नमा हुनुपर्ने विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता र अन्य विविध पक्षहरू के-कस्ता रहेका

छन्, प्रश्नले पाठ्यक्रमको व्याप्ततालाई सही ढङ्गले पछ्याउन सकेका छन् छैनन् र गुणयुक्त प्रश्नहरूको निर्माण भएको छ वा छैन भन्ने कुराको अध्ययन र विश्लेषण हुन्छ । आन्तरिक आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा उपयुक्त र गुणयुक्त भाषिक प्रश्नहरूको निर्माण गरी परीक्षणमा उपयोग गर्ने अपेक्षा गरिएको हुन्छ ।

#### २.१०.२.२ बाह्य आधार

प्रश्नको बाह्य आधार भन्नु आकार प्रकार अथवा स्वरूप हो । बाह्य आधार भन्नाले समग्र प्रश्न र प्रश्नपत्रमा हुनुपर्ने स्वरूपगत औपचारिक वैधता र उपयुक्तताका दृष्टिले निर्वाह गर्नुपर्ने आवश्यक सिद्धान्त र व्यावहारका कुराहरू भन्ने बुझिन्छ (पौडेल-१०, २०५८ : २०) । प्रश्नपत्रको बाह्य आकृति स्वच्छ स्पष्ट, आकर्षक एवम् स्तरयुक्त हुनुपर्छ । यदि नभए आन्तरिक पक्ष र अपेक्षाहरूमा समेत नकरात्मक प्रभाव पारी परीक्षण नै अवैध हुन्छ । त्यसैले बाह्य पक्षमा शीर्ष निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा जस्ता कुराहरू पर्दछन् ।

### २.१०.३ सारांश

प्रश्नपत्र विश्लेषणको महत्त्वपूर्ण पक्ष भनेको प्रश्नहरूको सैद्धान्तिक परिचय हो । यसको गहन अध्ययन गरी सकेपछि मात्र प्रश्नपत्रहरू बाह्य र आन्तरिक आधारबाट विश्लेषण गर्न सकिन्छ । प्रश्नपत्रको सैद्धान्तिक परिचय अन्तर्गत मूल्याङ्कनको अवधारणा, परीक्षा र मूल्याङ्कन, भाषिक मूल्याङ्कन, भाषिक मूल्याङ्कनको प्रकृति, परीक्षणका प्रचलित तरिका, भाषिक परीक्षण योजना, प्रश्नपत्रको परिचय, प्रश्नको सङ्गठन र निर्देशन, परीक्षण प्रशासन र अङ्कन विधि, प्रश्नपत्रको परिचय र प्रश्न विश्लेषणका आधार पर्दछन् । यसै आधार भित्र उपआधार र सव उपआधारहरूको सीमा रेखा भित्र रही प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय - तीन

# प्रश्नपत्र विश्लेषणका बाह्य आधारहरूमा अध्ययनीय प्रश्नहरूको विश्लेषण

## ३.१ बाह्य आधारमा प्रश्न विश्लेषण

प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । जसरी व्यक्तिको स्वरूपको गल्तीले विरूप तथा विकृत बन्छ र व्यक्तित्वमा आँच पुऱ्याउँछ त्यसरी नै प्रश्नपत्रको पनि बाह्य पक्षको स-सानो कमिकमजोरीले गम्भीर असर पार्दछ । त्यसैले स्वरूपगत हिसाबमा प्रश्नपत्र उपयुक्त किसिमको हुनुपर्नेमा द्विविधा छैन । प्रस्तुत अध्यायमा २०६७ सालमा सुनसरी जिल्ला कक्षा - ८ मा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको आकृतिको वैधताबारे अध्ययन गरिएको छ । प्रश्नमा आकृतिगत वैधताको लागि निर्देशन अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम प्रश्नपत्रको स्वरूप र भाषालाई आधार मानिन्छ (बस्नेत, २०६२ : ३७) ।

प्रश्नपत्रको बाह्य आकृति स्पष्ट, स्वच्छ, आकर्षक एवम् स्तरयुक्त भएन भने आन्तरिक पक्षमा नकारात्मक प्रभाव परी परीक्षण निरर्थक वा अवैध हुन सक्छ । प्रश्नको बाह्य पक्षको भूल र लापरवाहीले प्रश्नको आसयमा फरक पर्न गई आसय, महत्त्व, सीमा जस्ता महत्त्वपूर्ण कुरा अलमलिन सक्छ । प्रश्नको बाह्य वैधताले विश्वसनीयता, विभेदकारिता, व्यवहारिकता जस्ता आन्तरिक वैधतामा समेत असर पारी परीक्षण प्रयोजनलाई निस्प्रयोजन समेत बनाउन सक्छ । यस अध्ययनमा उल्लेखित आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.१.१ निर्देशन

कुनै प्रश्नको उत्तर के, कसरी, कति दिने भन्ने कुराको आशय, प्रक्रिया तथा सीमालाई निर्देशनले स्पष्ट पारेको हुन्छ । परीक्षार्थीले प्रश्नका निर्देशनहरू हेरेर त्यसै अनुसार निर्देशित भई प्रत्येक प्रश्नको उत्तर दिन्छन् । त्यसैले शीर्ष निर्देशनदेखि लिएर प्रत्येक प्रकृति र समूहका प्रश्नका लागि उपयुक्त निर्देशन हुनु आवश्यक सर्त हुन्छ । निर्देशन अस्पष्ट, अशुद्ध, दोहोरो अर्थ लाग्ने खालको जटिल भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरू नै

निरर्थक हुन्छन् । त्यसैले निर्देशनमा सरलता, स्पष्टता, शुद्ध भाषा शैली र वस्तुगतता जस्ता विशेषताहरू रहन आवश्यक छ । यसका साथै प्रश्न सङ्केतक, निर्देशक चिह्न, पृष्ठ निर्देशन, अङ्क निर्देशन, विकल्प निर्देश आदिले प्रश्नलाई स्पष्ट, आकर्षक र सोद्देश्यमूलक बनाउन भूमिका खेल्ने भएकाले यस्ता पक्षमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । तसर्थ प्रश्नपत्रमा निर्देशनको महत्त्वपूर्ण भूमिका हुन्छ । यस आधारमा अध्ययनीय प्रश्नपत्रहरूको अध्ययन गर्दा निम्नानुसारको अवस्था देखा पर्छ ।

### ३.१.१.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । उत्तर दिँदा लेख्दा के कुरामा ध्यान पुऱ्याउने ? कसरी उत्तर लेख्ने आदि विषयमा दिइने निर्देशन शीर्ष निर्देशन हो । शीर्ष निर्देशनको अध्ययन गर्दा सुनसरीको जिल्लास्तरीय परीक्षा २०६७ मा सेट 'ए' र सेट 'बी' प्रश्न सोधिएकोमा दुवै सेटमा शीर्ष निर्देशन दिइएको देखिँदैन । शीर्ष निर्देशन नभएका उक्त प्रश्नमा परीक्षार्थी अलमलिने अवस्था आउछ । नमुना प्रश्नमा छोटो छरितो र प्रस्ट शीर्ष निर्देशन दिइएको छ तर प्रतिनिधि प्रश्नमा शीर्ष निर्देशन नदिनु जिल्लास्तरीय परीक्षा समिति जस्तो जिम्मेवार र संवेदनशील निकायले गम्भीर हुन आवश्यक देखिन्छ ।

### ३.१.१.२ प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको उद्देश्य, आशय, भाव, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । त्यसैले प्रश्नलाई स्पष्ट, वैध, उद्देश्यपूर्ण, सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्न भित्र विभिन्न उप प्रश्नहरू रहने अवस्थामा त निर्देशन अति आवश्यक हुन्छ । निर्देशन विनाको प्रश्न अस्पष्ट, अपूर्ण, अन्यौलपूर्ण र अवैध समेत हुन सक्छ र स्पष्टता जस्ता कुरामा भाषिक शुद्धतामा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

यसमा कति प्रश्नहरूको छोटो, लामो वा प्रत्येक प्रश्नमा कतिवटा उपप्रश्नको उत्तर दिने भन्नेबारे स्पष्ट पार्नुपर्छ । यसै आधारमा सङ्कलन गरिएका प्रतिनिधि प्रश्नहरूको स्थिती सामान्य छ । प्रतिनिधि प्रश्नका दुवै सेटमा स्पष्ट निर्देशन दिइएको पाइन्छ ।

### ३.१.१.३ विकल्प निर्देशन

भाषाका प्रश्न निर्माण गर्दा विकल्प छनोट गर्ने गरी व्यवस्था मिलाउनु आफैँमा राम्रो पक्ष मानिँदैन तर विद्यार्थीलाई सरल होस भन्ने उद्देश्यले विकल्पसहितका प्रश्नहरू बनाउने प्रचलन छँदैछ । विकल्प निर्देशनलाई स्पष्ट पार्न अथवा, वा भनी रोज्ने अवस्था सृजना हुदा पहिलो प्रश्नको अन्त्य पछि दोस्रो हरफ स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने व्यवस्था मिलाउनु पर्छ । अर्को थरीका विकल्प अङ्क वा अक्षरमा दिने प्रचलन पनि रहेकोले यस्तो अवस्थामा एकरूपता बनाउनु पर्छ । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा निम्नअनुसारको अवस्था पाइन्छ ।

- सेट ए र बी दुवैमा अक्षर प्रयोग गरेको पाइन्छ । प्रश्न नं. ७ मा अथवा स्पष्ट लेखिएको देखिन्छ ।
- सेट ए मा प्रश्न नं. ८ मा दुई वटा विकल्प दिइएको पाइन्छ भने सेट बी प्रश्न नं. ८ मा एउटा मात्र विकल्प दिइएको छ ।
- सेट ए प्रश्न नं. ९ मा विकल्प दिइएको छैन भने सेट बी प्रश्न नं. ९ मा एक ओटा विकल्प दिइएको छ ।

यसरी हेर्दा दुवै सेटमा अक्षरमा विकल्प निर्देश प्रयोग गरेको पाइन्छ । तर तल्लो कक्षामा विकल्पलाई अक्षरमा भन्दा अङ्कमा लेख्नु विद्यार्थीका लागि उपयुक्त मानिन्छ । सेट ए को प्रश्न नं. ८ र सेट बी को प्रश्न नं. ८ मा समान रूपमा विकल्प छनोट गर्ने अवसर दिनु पर्नेमा भिन्नता देखिएकाले विद्यार्थीमा नकारात्मक सन्देश जाने हुँदा समान रूपमा विकल्प छनोट गर्ने प्रश्न निर्माण गर्न आवश्यक देखिन्छ । परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१ मा एउटा मात्र विकल्प छनोट गर्न दिनु पर्नेमा सेट ए मा २ ओटा विकल्प आफैँमा त्रुटिपूर्ण छ भने प्रश्न नं. ९ मा विकल्पको रूपमा प्रश्न दिन आवश्यक देखिँदैन ।

### ३.१.१.४ पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाको प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटै पृष्ठमा अटाउँदैनन् । त्यसैले एकभन्दा बढी पृष्ठ प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले अर्को पृष्ठमा पनि प्रश्नहरू छन् भनी जानकारी दिनु र समाप्त भएको जानकारी दिनु 'पृष्ठ निर्देशन' हो ।

जसले परीक्षार्थी र परीक्षक झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमश :, कृ.प.उ. अर्को पट्टि, १,२,३... इत्यादि लेख्ने प्रचलन पाइन्छ (बस्नेत, २०६२ : ४१) । पृष्ठ जनाउँदा शीर्षभागमा अङ्क, अन्त्य भागमा अङ्क र अन्य सङ्केतहरू लेख्ने चलन छ । प्रश्नमा कुनै पाना छुट भएको, प्रश्नको केही पाना अर्को पानामा भएको, अगाडि पनि गर्नुपर्ने काम बाँकी छ कि भन्ने कुराको अग्रीम जानकारी लिन र प्रश्न समाप्त भएको थाहा पाउनका लागि पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको अवस्था निम्नानुसार देखिन्छ :

- सेट 'ए' मा पहिलो र दोस्रो पेजमा पृष्ठ निर्देशन नलेखिएको र अन्त्यमा धन्यवाद लेखेर प्रश्न अन्त्यको निर्देश गरेको छ ।
- सेट 'बी' मा पहिलो र दोस्रो पेजमा पृष्ठ निर्देशन नदिइएको र अन्त्यमा प्रश्नसँगै धन्यवाद लेखिएको छ ।

यसरी हेर्दा प्रतिनिधि प्रश्नका दुवै सेटमा पृष्ठ निर्देशनलाई वेवास्ता गरेको देखिन्छ जसले गर्दा कुनै प्रश्न छुट्यो कि भन्ने शङ्का निवारणका लागि परीक्षार्थीले प्रश्नको क्रमिकतालाई हेरेर बुझ्नुपर्ने हुन्छ भने प्रश्नको अन्त्यको निर्देशन भने धन्यवाद भनेर दिइएको छ ।

### ३.१.१.५ समय निर्देशन

प्रश्नपत्रको शीर्षभागमा नै कति समयमा प्रश्नको उत्तर दिइनु पर्ने हो त्यसको स्पष्ट निर्देशन दिइनुपर्दछ । बेग्ला-बेग्लै प्रकृतिका (वस्तुगत, विषयगत) प्रश्नलाई अलग अलग समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समयसीमामा ख्याल गरेर प्रश्नको उत्तर दिन परीक्षार्थीहरूलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

यसका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा निम्न अवस्था रहेको छ :

तालिका नं. ३

प्रश्नपत्रको पूर्णाङ्क र समय विभाजन

| सेट | पूर्णाङ्क | समय |
|---|---|---|
| ए | १०० | ३ घण्टा |
| बी | १०० | ३ घण्टा |

यहाँ पूर्णाङ्कअनुसार समय निर्धारण गरेको पाइन्छ साथै दुवै सेटमा उपयुक्त स्थानमा समय स्पष्ट उल्लेख गरेको छ ।

### ३.१.१.६ अङ्क निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क तथा उत्तीर्णाङ्क उपयुक्त निर्देशन दिनु आवश्यक हुन्छ । प्रत्येक प्रश्नको उत्तर दिए वापत कति अङ्क पाउने भन्ने सङ्केतले प्रश्नको मूल्य हेरी समयसीमामा बाँधिन परीक्षार्थीलाई मद्दत पुऱ्याउँछ । त्यसैले यसलाई अनिवार्य तत्त्वको रूपमा लिनु पर्छ । प्रश्नलाई दिइएको पूर्णाङ्कलाई प्रश्न सङ्ख्याले गुणन गरेर एकमुष्ट अङ्क स्पष्ट हुने गरी उल्लेख गरिदिनु पर्छ ।

यस दृष्टिले अध्ययन गर्दा प्रतिनिधि प्रश्नमा अङ्क वितरण गरेका छन् तर सेट 'ए' का प्रश्न नं. ३, १०, ११, १२, १३, १४, १५, १६ मा र सेट 'बी' का प्रश्न नं. ३, १०, ११, १२, १३, १५, १६, १७ मा प्राप्त अङ्क र प्रश्न सङ्ख्या गुणन नगरी एकमुष्ट अङ्क राखिएको छ । सेट 'बी' को प्रश्न नं. १३ मा ३ वटा प्रश्न दिई पूर्णाङ्क २ लेखिएको छ । यस्तो अवस्थामा परीक्षकलाई अङ्कन गर्न कठिनाइ हुन्छ । यसले परीक्षार्थीहरूलाई प्रस्ट हुने गरी अङ्क निर्देशनको सिद्धान्तअनुसार अङ्क विभाजन गर्नुपर्ने देखिन्छ ।

## ३.१.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारण जुनसुकै प्रश्नपत्रमा आवश्यक मानिन्छ । प्रश्नपत्रको अङ्क र समयको सन्तुलन नमिलेमा प्रश्नपत्रको बाह्य र आन्तरिक वैधतामा समेत आँच आउँछ । प्रश्नके प्रकृति, उत्तरको आकार आदि कुरामा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ  (बस्नेत, २०६२ : ४३) । लामो (विवेचनात्मक) उत्तर दिनुपर्ने प्रश्नलाई बढी अङ्क र समय तथा छोटो उत्तर र वस्तुगत प्रश्नलाई कम अङ्क र समय छुट्ट्याइयो भने अङ्क विभाजन र समय निर्धारण सही हुन्छ ।

उपयुक्त दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न बुँदाको आधारमा विश्लेषण गरिएको छ :

### ३.१.२.१ पूर्णाङ्क र त्यसको वितरण

पूर्णाङ्क भनेको समग्र प्रश्नहरूको एकमुष्ट अङ्क हो । यसलाई सामान्यत प्रश्नपत्रको दाया शिरमा राख्ने गरिन्छ । उल्लेखित पूर्णाङ्कलाई विभिन्न प्रश्नहरूमा न्यायोचित वितरण गरिएको हुनुपर्छ । यसरी वितरण गर्दा अङ्क र पूर्णाङ्कको तालमेल मिल्नु पर्छ । प्रश्नपत्रमा यी विषय उपयुक्त तरिकाले झल्कनु आवश्यक हुन्छ । प्रतिनिधि प्रश्नपत्रमा देहाय बमोजिमको पूर्णाङ्क र त्यसको वितरण गरेको देखिन्छ ।

तालिका नं. ४

प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन

| क्र.सं. | सेट | विवरण | प्रश्न नं. | | | | | | | | | | | | | | | | | प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | | |
| १ | ए | अङ्क | 20 | 10 | 5 | 5 | 5 | 5 | 5 | 10 | 5 | 3 | 4 | 6 | 2 | 3 | 2 | 5 | 5 | १७ | १०० |
| २ | बी | | 20 | 10 | 5 | 5 | 5 | 5 | 5 | 10 | 5 | 3 | 4 | 6 | 2 | 2 | 2 | 3 | 5 | १७ | ९७ |

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा सबै प्रश्नपत्रको दाँयापट्टि शिरमा पूर्णाङ्क उल्लेख गरेको पाइन्छ तर एकरूपता भने पाइँदैन । एकै साल एउटै जिल्लामा सोधिएका प्रश्नपत्रहरूमा पूर्णाङ्कमा भिन्नता छ । प्रतिनिधि प्रश्नपत्रको सेट ए मा १०० पूर्णाङ्क भए तापनि सेट बी मा ९७ मात्र देखिन्छ । यसले गर्दा प्रश्नपत्र निर्माणमा सम्बन्धित निकायको हेलचेक्र्याइँ भएको पाइन्छ । उपप्रश्नको अङ्क भारको लागि छुट्याइएको अङ्कलाई प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क प्रस्तुत गरिएको छ । कतै एकमुष्ट अङ्क उल्लेख गरेको पाइन्छ । दुवै सेटका प्रश्न नं. १ र २ मा प्रदान गरिने अङ्कले सङ्ख्यालाई गुणन गरिएको छ । दुवै सेटका अन्य प्रश्नमा एकमुष्ट अङ्क दिइएको छ । यसले अङ्क विभाजनमा सही मार्गदर्शन नदिन सक्छ । प्रतिनिधि प्रश्नहरू एउटै साल एउटै जिल्लामा सोधिएका प्रश्न नं. १४, १५, १६, १७ मा अङ्क वितरणमा विभिन्नता साथै

प्रश्नको क्रम नमिलाएको हुँदा प्रश्न निर्माताको हेलचेक्र्याइँ भनेर उल्लेख गर्न सकिन्छ । यसलाई आउँदा दिनमा सुधार गर्नुपर्छ ।

### ३.१.२.२ उत्तीर्णाङ्क

पूर्णाङ्क अनुसार सफलताको लागि न्युनतम अङ्कलाई उत्तीर्णाङ्क भनिन्छ । प्रश्नपत्रमा उत्तीर्णाङ्कको उल्लेखनले परीक्षार्थीलाई सचेत बनाउनुका साथै परीक्षकलाई पनि सजग भएर उत्तरपुस्तिका परीक्षण गर्न सहयोग पुऱ्याउँछ । पूर्णाङ्कको ठीक तलपट्टि उत्तीर्णाङ्क उल्लेख गरिएको हुन्छ । त्यसैले स्पष्टसँग त्रुटिरहित तरिकाले यसको उल्लेख गरिनुपर्छ ।

यस दृष्टिकोणले प्रतिनिधि प्रश्नहरूको विश्लेषण र तुलना गर्दा माथि भनिए अनुसार नै दुवै सेट प्रश्नमा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ समान राखेको पाइन्छ ।

### ३.१.२.३ भाषिक सीप र अङ्क विभाजन

भाषा शिक्षणको उद्देश्य भाषिक सीप हासिल गराउनु हो । भाषाका चारवटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरू एक अर्कोसँग अन्तर सम्बन्धित भएर आपसमा सहयोग पुऱ्याइरहेका हुन्छन् । त्यसैगरी ग्रहण वा बोध (सुनाइ र पढाइ) ले र अभिव्यक्ति (बोलाइ र लेखाइ) सीपको विकास गर्दछ (शर्मा र पौडेल, २०६० : ३२८) । यसलाई तलको आरेखबाट प्रष्ट पारिन्छ ।

आरेख सङ्ख्या १

३
पढाइ

४ लेखाइ बोलाइ २

सुनाइ
१

प्रतिनिधि प्रश्नहरूमा भाषिक सीप परीक्षण र अङ्क विभाजन निम्नानुसार गर्न खोजेको पाइन्छ ।

**३.१.२.३.१ पढाइ सीप र अङ्क विभाजन**

निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पढाइ सीप विकासका लागि स्पष्ट रूपमा बोध र सारांश क्षेत्रअन्तर्गत रही कथा, प्रबन्ध/निबन्ध, कविता, जीवनी विधाबाट दृष्टांश र अदृष्टांश गरी १० अङ्क विभाजन गरिएको छ ।

तालिका नं. ५

पढाइ सीप र अङ्क विभाजन

| क्र.सं. | सेट | पूर्णाङ्क | बोध | सारांश | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ए | 100 | 5 | 5 | 10 | 10% |
| २ | बी | 100 | 5 | 5 | 10 | 10% |

उल्लेखित तालिका अध्ययन गर्दा पढाइ सीप परीक्षणका लागि बोध र सारांश स्तम्भलाई दुवै सेट प्रश्नमा समान अङ्क १०% विभाजन गरेको छ ।

**३.१.२.३.२ लेखाइ सीप र अङ्क विभाजन**

पाठ्यक्रममा रचना अभ्यासका लागि निर्धारित विधाहरूमा प्रबन्ध, निबन्ध, चिठी, निवेदन, संवाद, वादविवाद, कथात्मक अभिव्यक्ति समावेश गरिएको पाइन्छ । मौखिक रचनाका लागि रूपक विधा कायम गरिएको भए पनि मौखिक मूल्याङ्कन नहुने गरेको परिप्रेक्षमा कुनै रूपमा लिखित विधाबाटै मापन गर्नुपर्ने ठान्दै रूपक विधालाई लिखित रचना कै रूपमा परीक्षण गरिएको छ । लेखाइ सीप परीक्षणका लागि प्रतिनिधि प्रश्नपत्रहरूमा निम्न अनुसार अङ्क विभाजन गरेको पाइन्छ :

तालिका नं. ६

लेखाइ सीप र अङ्क विभाजन

| क्र.सं. | सेट | कथा/संवाद | निबन्ध/प्रबन्ध | चिठी/वादविवाद | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ए | 5 | 10 | 5 | 20 | 20% |
| २ | बी | 5 | 10 | 5 | 20 | 20% |

माथिको तालिका अध्ययन गर्दा लेखाइ सीप परीक्षणका लागि दुवै सेट प्रश्नमा २० अङ्क छुट्ट्याइएको पाइन्छ ।

**३.१.२.३.३ पढाइ/लेखाइ सीप र अङ्क विभाजन**

पाठ्यक्रममा पढाइ सीप विकासका निम्ति कथा, जीवनी, कविता विधा, प्रबन्ध विधा चाहिँ पढाइ लेखाइ दुवैका लागि उपयोग गर्न सकिने देखिन्छ । रूपक (संवाद, वादविवाद, चिठी) सस्वर पढाइका साथै सुनाइ, बोलाइ सीप विकासको लागि तत् तत् सम्बन्धी लिखित रचना अभ्यासका लागि राखिइको पाइन्छ । सुनाइ, बोलाइ सीपलाई पढाइ लेखाइ सीप मै एकिकृत गरी अध्ययन गरिन्छ । यसका लागि पाठ्यक्रमले ४० अङ्क छुट्याएको छ ।

तालिका नं. ७

पढाइ/ लेखाइ सीप र अङ्क विभाजन

| क्र.सं. | सेट | पूर्णाङ्क | सङ्क्षिप्त उत्तर | लामो उत्तर | व्याख्यात्मक | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भाव | प्रसङ्ग | | |
| १ | ए | 100 | 20 | 10 | 5 | 5 | 40 | 40% |
| २ | बी | 100 | 20 | 10 | 5 | 5 | 40 | 40% |

माथि उल्लेखित तालिका अध्ययन गर्दा एकिकृत रूपमा पढाइ/लेखाइ सीप परीक्षणका लागि दुवै सेट प्रश्नमा विवेचनात्मक उत्तर लेख्न दिएको छ । वास्तवमा नि.मा. तहमा विवेचनात्मक उत्तरको ठाउँमा लामो उत्तर नै उपयुक्त देखिन्छ भने उक्त सेटमा पढाइ/लेखाइ सीपको पाठ्यक्रमले निर्धारण गरे अनुसार समान अङ्क दिएको छ ।

### ३.१.२.३.४ व्याकरण र अङ्क विभाजन

व्याकरण परीक्षणका सन्दर्भमा सैद्धान्तिक सीप परीक्षण नभएर व्यावहारिक सीप परीक्षणका लागि गरिन्छ । विशिष्टीकरण तालिकाअनुसार व्याकरण सीपको लागि २० प्रतिशत अङ्क छुट्याउनु पर्ने उल्लेख छ । प्रश्नपत्रको अध्ययन गर्दा व्याकरण र शब्द भण्डार एक्कै ठाउँमा राखेर हेर्ने गरेको पनि पाइन्छ । यहाँ व्याकरण पक्षलाई मात्र प्रतिनिधि प्रश्नमा निम्न अनुसार अङ्क विभाजन गरी राखेको देखिन्छ :

तालिका नं. ८

व्याकरण परीक्षण र अङ्क विभाजन

| क्र.सं. | सेट | पूर्णाङ्क | शब्दवर्ग | काल, पक्ष र अर्थ (भाव) | पद संगति, वाच्य र वाक्य परिवर्तन | कारक र विभक्ति | शुद्ध गर्ने | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ए | 100 | 3 | 4 | 6 | 2 | 5 | 20 | 20% |
| २ | बी | 100 | 3 | 4 | 6 | 2 | 2 | 17 | १७% |

उक्त तालिका अध्ययन गर्दा सेट ए मा व्याकरण तत्त्वमा सही अङ्क वितरण गरेको र सेट बी मा कम अङ्क विभाजन गरेको देखिन्छ । व्याकरणका माथि विभाजित शीर्षकहरू दुवै सेट प्रश्नमा उपयोग गरेको पाइन्छ तर सेट बी मा शुद्ध गर्ने शीर्षकको पूर्णाङ्क ५ हुनुपर्नेमा २ मात्र उल्लेख गरेको देखिन्छ र सेट 'ए' प्रश्नपत्रमा नम्बर रखाइको क्रम प्रश्न नं. १४ देखि नमिलेको देखिन्छ । दुवै सेटको प्रश्न नं. १३ दुविधापूर्ण छ त्यसमा कारक वा विभक्ति कुनै एकले मात्र वाक्य पूरा गर्ने निर्देशन दिनु उपयुक्त हुन्छ ।

यसरी हेर्दा प्रश्नपत्रमा १७ देखि २० प्रतिशत अङ्क व्याकरण तत्त्वलाई छुट्याइएको देखिन्छ । विशिष्टीकरण तालिका अनुसार निर्माण गर्न पनि सेट 'बी' प्रश्नपत्रमा ३% कम र सेट 'ए' प्रश्नपत्रमा उपयुक्त अङ्क वितरण गरेको पाइन्छ ।

### ३.१.२.३.५ शब्द भण्डार र अङ्क विभाजन

नि.मा. तहको माथिल्लो कक्षाका विद्यार्थीहरूको ज्ञान र व्यवहारीक सीप परीक्षण गर्ने सन्दर्भमा शब्द भण्डार तत्त्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा विशिष्टीकरण

तालिका अनुसार निर्देशित पाठका शब्दहरूको अर्थलेख्ने, शब्द पहिचान गर्ने र वाक्य निर्माण शीर्षकमा विभाजन गरिएको छ । यसका लागि पाठ्यक्रमले १०% अङ्क निर्धारण गरेको छ । प्रतिनिधि प्रश्नपत्रमा शब्दभण्डारका लागि निम्नानुसार अङ्क विभाजन गरेको पाइन्छ :

तालिका नं. ९

शब्द भण्डार र अङ्क विभाजन

| क्र.सं. | सेट | पूर्णाङ्क | अर्थ लेख्ने | शब्द पहिचान | वाक्यमा प्रयोग | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ए | 100 | 2 | 3 | 5 | 10 | 10% |
| २ | बी | 100 | 2 | 3 | 5 | 10 | १०% |

प्रतिनिधि प्रश्नमा सेट 'ए' को प्रश्न नं. १४ को 'ग' र सेट 'बी' को १६ को 'ग' त्रुटिपूर्ण प्रश्न रहेको पाइन्छ । यसरी हेर्दा प्रश्नको क्रम सेट 'बी' को उपयुक्त देखिन्छ भने सेट 'ए' मा क्रम नमिलेको पाइन्छ । समग्रमा हेर्दा दुवै सेट प्रश्नमा अङ्क विभाजन समान रहेको पाइन्छ ।

#### ३.१.२.४ समय निर्धारण

प्रश्नपत्र निर्माण गर्दा समय निर्धारणमा पनि ध्यान दिनुपर्छ । प्रश्नपत्रको कठिनाइस्रत, प्रकृति, उमेर र विद्यार्थीको स्तरगत लेखन क्षमताका आधारमा समय निर्धारण गर्नुपर्दछ । कूल पूर्णाङ्कलाई उपयुक्त ढङ्गले प्रतिप्रश्न वितरण गर्ने गरिन्छ । यसैका आधारमा सयम निर्धारण गर्नु पर्दछ ।

यसरी प्रतिनिधि प्रश्नपत्रलाई हेर्दा दुवै सेट प्रश्नपत्रलाई ३ घण्टा समय दिइएको पाइन्छ । प्रश्नपत्रको विश्लेषणबाट प्रत्येक प्रश्नका लागि छुट्याइने समय भार समान आयतन भएका प्रश्नअनुसार समान नै हुनुपर्छ । प्रतिनिधि प्रश्नपत्रमा समय सन्तुलन उपयुक्त छ ।

### ३.१.३ प्रस्तुति अनुक्रम

परीक्षणका लागि निर्माण गरिएका प्रश्नपत्रहरूको रखाइक्रम नै प्रस्तुति अनुक्रम हो । प्रश्नहरू विषयगत र वस्तुगत प्रकृतिका हुन्छन् । ती प्रश्नहरू सरल, मध्यम र जटिल प्रकृतिका हुन्छन् । प्रश्न सरलदेखि जटिलको क्रममा राखिनु पर्छ । अनुक्रम नमिलाइएका

प्रश्नले परीक्षार्थी र परीक्षक दुवैका लागि जटिल र बोझिलो मानिन्छ । त्यसैले प्रश्नलाई समूहगतमा छुट्याइ प्रस्तुत गर्दा परीक्षार्थी शुरू मै हतोत्साही नहुने परीक्षकलाई अङ्कनमा पनि सजिलो हुन्छ (बस्नेत, २०६२ : ५१) ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रलाई अध्यापन विश्लेषण गर्दा वस्तुगत र विषयगत प्रश्न पाठ्यक्रममा निर्धारण गरेअनुसार नै निर्माण गरेको पाइन्छ तर प्रश्नको अनुक्रम सरलबाट जटिलताको क्रममा मिलेको पाइँदैन । समूहमा क्रमवद्ध गर्दा पहिलो समूहमा वस्तुगत, दोस्रोमा सङ्क्षिप्त उत्तरात्मक, तेस्रोमा निबन्धात्मक प्रश्नहरू राख्नु राम्रो ठहर्छ । समूह विभाजन गर्न अनुपयुक्त भएमा पढाइ सीप, लेखाइ सीप, व्याकरण तत्त्व र शब्द भण्डारसम्बन्धी प्रश्नको क्रम राख्दा उचित हुन्छ ।

## ३.१.४ प्रश्नपत्रको स्वरूप

समग्ररूपमा प्रश्नपत्रको स्वरूप भनेको अनुहार वा आकार प्रकार हो । यस अन्तरगत प्रश्न पत्रको आदिभाग, मध्यभाग र अन्त्य भाग पर्दछन् । त्यसै क्रममा पूर्णाङ्क र उत्तीर्णाङ्क, समय निर्देशन, अङ्क विभाजन, प्रश्न सङ्ख्या, उपप्रश्न सङ्ख्या, पृष्ठ, आकार, कागज, छपाइ, सफाइ र भाषा आदिले प्रश्नपत्रको स्वरूप तयार पार्दछ । प्रयोग गरिने प्रश्नहरू स्वरूपका दृष्टिले उपयुक्त हुनुपर्छ । यसका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण निम्नानुसार गरिन्छ :

### ३.१.४.१ शीर्षभाग

प्रश्नपत्रको शीर्षभागमा सम्बन्धित संस्थाको नाम स्पष्ट, सङ्केत शुद्ध र ठूला अक्षरमा लेख्नु उपयुक्त मानिन्छ । यसै आधारमा प्रतिनिधि प्रश्नपत्रका दुवै प्रश्नपत्रको शीर्ष भागमा Set A र Set B अङ्ग्रेजीमा लेखेको पाइन्छ । यसको सट्टा नेपालीमा लेखेको भए उपयुक्त हुने थियो । दुवै समूहमा जिल्लाको नाम नराख्नु गोपनीयताको आधारमा उपयुक्त मानिए पनि नाम उल्लेख गर्नु बढी सान्दर्भिक हुन्थ्यो ।

### ३.१.४.२ आकार

प्रश्नपत्र लामो, छोटो, मोटो र मध्यमपना जनाउने कुरा आकार हो । प्रश्नपत्र यस्तै आकारको हुनुपर्छ भन्ने सैद्धान्तिक आधार नभए पनि भद्दा र अनुपयुक्त किसिमको हुनु राम्रो

मानिँदैन । प्रश्नको प्रकृति, परीक्षण, समय, उद्देश्य र प्रश्नसङ्ख्याको आकारले भूमिका त खेल्छ नै तापनि मध्यम स्तरीय हुनु राम्रो मानिन्छ ।

यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त नै देखिए तापनि दुवै सेट प्रश्नहरूमा अक्षर बढी खाँदेर र साना अक्षर लेख्नु अनुपयुक्त देखिन्छ ।

### ३.१.४.३ प्रश्न र पृष्ठ

प्रश्न निर्माण गर्दा निर्दिष्ट विशिष्टीकरण तालिकाअनुसार निर्माण गर्नुपर्ने उल्लेख गरिसकिएको छ । पाठ्यक्रम विकास केन्द्रले तयार गरेको नमुना प्रश्नपत्रको ढाँचामा प्रश्न निर्माण गर्नुपर्छ । स्वरूपका दृष्टिले एउटै प्रश्नलाई दुइटा पृष्ठमा राखिनु हुँदैन तर उपप्रश्नहरू कहिले काहिँ राख्नु पर्ने अवस्था पनि हुन्छ । यसले परीक्षार्थीहरूलाई बढी झुक्याउने सम्भावना हुन्छ र प्रश्नपत्रको स्वरूप पनि बिग्रन्छ । एउटा प्रश्नको निर्देशन अर्को पृष्ठमा गयो भने परीक्षार्थीले बारम्बार पाना पल्टाउनु पर्ने र बुझ्न कठिन हुन्छ ।

यसरी हेर्दा प्रतिनिधि प्रश्नको सेट 'ए' र 'बी' को प्रश्न नं. ३ मा एकरूपता देखिँदैन । सेट 'ए' को प्रश्न नं. ८ मा बढी विकल्प दिएको छ । प्रश्न नं. १० मा रेखाङ्कित गर्नुपर्ने शब्दलाई रेखाङ्कित नगरिएको देखिन्छ । प्रश्न रखाइको क्रम १३ देखि भङ्ग भएको पाइन्छ । यसैगरी सेट 'ए' प्रश्नको प्रश्न नं. ९ मा एउटा प्रश्न बढी दिएको छ भने प्रश्न नं. १३ मा एउटा उपप्रश्न छुटेको छ । प्रश्न नं. १४ शुद्धगर ५ पूर्णाङ्कको हुनुपर्नेमा २ मात्र लेखिएको छ । यसरी हेर्दा एउटै सालका सोही जिल्लाका दुवै सेटका प्रश्नपत्रहरूमा एकरूपता नभएकाले हेलचेक्र्याइँ गरी प्रश्नपत्र निर्माण गरेको पाइन्छ ।

### ३.१.४.४ कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभाव पार्दछ । कहिले काहीँ प्रश्नपत्रमै उत्तर लेख्नुपर्ने स्थितिमा त झन् स्तरीय कागज अनिवार्य हुन्छ । रङ्गीन तथा सादा जुनसुकै उपयुक्त हुने भए पनि रङ्गीन कागजको प्रयोग गर्दा अक्षरलाई बढी आकर्षक र सुन्दर बनाउन सहयोग गर्ने रङको प्रयोग गर्नुपर्दछ । कागज सफा, बलियो, चिल्लो, अक्षर नफुल्ने हुनु पर्दछ ।

यसका आधारमा प्रतिनिधि प्रश्नपत्रहरू बनाउन दुवै सेटका लागि प्रयोग गरिएको कागजको स्तर कमसल सेतो कागज छ ।

### ३.१.४.५ छपाइ र सफाइ

उपयुक्त कागजमा प्रश्न पत्र छपाइ गर्दा दुवैपट्टि उपयोग गर्न सकिन्छ । कमजोर कागजमा मसी अर्कोपट्टि छापिने हुनाले राम्रो मानिदैन । प्रश्नपत्र छपाइमा शुद्धता र सफाइ पनि आवश्यक तत्त्व हुन् ।

सुनसरी जिल्लामा २०६७ सालमा प्रयोग गरिएका दुवै सेट प्रश्न छपाइ र सफाइका दृष्टिमा उपयुक्त किसिमका देखिँदैनन् किनकि दुवै सेट प्रश्नमा प्रशस्त त्रुटिहरू भेटिन्छन् ।

## ३.१.५ भाषा

भाषा प्रश्नपत्रको अत्यन्तै महत्त्वपूर्ण पक्ष हो । भाषामा एउटै मात्र अक्षर बढी भयो, छुट्यो, चिह्न छुट्यो वा शब्द दोहोरियो भने अर्थको अनर्थ हुने र परीक्षार्थीलाई जवाफ समेत दिन असजिलो हुन्छ । प्रश्नमा वर्णविन्यास, पदयोग र वियोग, वर्ण वा अक्षर लोप, चिह्न प्रयोग, विभक्ति प्रयोग, शासन र सङ्गति आदि सम्बन्धी त्रुटिहरू प्रश्नपत्रको भाषामा पाइन्छ । यहाँ निम्नलिखित दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन र विश्लेषण गरिएको छ :

### ३.१.५.१ वर्णविन्याससम्बन्धी त्रुटि

यसअन्तर्गत ह्रस्वदीर्घ, चन्द्रबिन्दु, शिरबिन्दु, हलन्त-अजन्त, ब-व, श-ष-स, य-ए, द्य-ध आदि त्रुटिहरूको अध्ययन र विश्लेषण गरिन्छ । प्रतिनिधि प्रश्नहरूमा सामान्य प्रकृतिका त्रुटिहरू र छपाइमा भएका साना तिना त्रुटिहरू नऔँल्याइ प्रश्नपत्रमा अर्थको अनर्थ लाग्ने त्रुटिको मात्र विश्लेषण गरिन्छ ।

सेट 'ए' प्रश्न नं. ७ मा प्रसस्त (हुनुपर्ने : प्रशस्त), परिश्रम विना (हुनपर्ने : परिश्रमबिना), यसैगरी प्रश्न नं. १२ को घ मा पहिलो (हुनुपर्ने : प्रथम) भएका छन् भने सेट 'बी' मा प्रश्न नं. ७ को वैकल्पिक प्रश्नमा संबाद (हुनुपर्ने : संवाद), प्रश्न नं. १६ को ग मा दिसा- दीसा (हुनुपर्ने : दिशा - दिसा) आदि त्रुटिहरू भएका पाइन्छन् ।

### ३.१.५.२ चिह्न प्रयोगसम्बन्धी त्रुटि

यसभित्र पूर्णविराम, अर्धविराम, प्रश्नचिह्न, उद्धरणचिह्न, एकल उद्धरण, संयोजक अध्ययन विश्लेषण गरिन्छ । चिह्नको कारणले प्रश्नको अर्थमा असर पर्ने हुनाले त्यसमा सचेत हुन आवश्यक छ (बस्नेत, २०६२ : ५६) । यस दृष्टिले अध्ययन गर्दा सेट 'ए' को प्रश्न नं. ३ को अनुच्छेदमा केही ठाउँमा संयोजक मात्रै प्रयोग गर्नुपर्नेमा संयोजक र पूर्णविराम दुवै प्रयोग भएको देखिन्छ । समग्रमा दुवै सेट प्रश्नपत्रमा चिह्न प्रयोग उपयुक्त ढङ्गले नै भएको देखिन्छ ।

### ३.१.५.३ पदयोग र वियोगसम्बन्धी त्रुटि

यसअन्तर्गत एउटै शब्दमा लेख्नुपर्नेलाई अलग-अलग गरेको र अलग-अलग गर्नुपर्नेलाई जोडिएको जस्ता त्रुटिहरू अध्ययन गरिन्छ । प्रतिनिधि प्रश्नहरूमा पदयोग र वियोग सम्बन्धमा दुवै सेट प्रश्नमा त्रुटिहरू रहेको पाइन्छ । जस्तै : सेट 'ए' र 'बी' दुवैमा शिर्षस्थानमा नै जिल्लास्तरीय (हुनुपर्ने : जिल्लास्तरीय), प्रस्न नं. ३ को अनुच्छेदमा अलग अलग (हुनुपर्ने : अलगअलग), प्रश्न नं. ७ मा परिश्रम विना (हुनुपर्ने : परिश्रमबिना), प्रश्न नं. १३ मा गरे अनुसार (हुनुपर्ने : गरेअनुसार) जस्ता त्रुटिहरू भएका छन् ।

### ३.१.५.४ वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि

प्रश्नलेख्ने र छाप्ने कार्य गर्दा कुनै अक्षर दोहोरिने र कुनै अक्षर लोप हुने अवस्था रहन्छ । यस्तो अवस्थालाई अक्षर वा वर्णलोप भनिन्छ । यस्ता छपाइसम्बन्धी त्रुटिले शब्दहरूको अर्को अर्थ लाग्ने वा अनर्थ हुने हुँदा अपेक्षित उत्तरमा ठूलो असर पुग्छ । त्यसैले प्रश्न निर्माणदेखि छपाइसम्मको काममा भाषाका शिक्षकले नै हेर्नुपर्छ । प्रतिनिधि प्रश्नको अध्ययनमा निम्नानुसारको अवस्था रहेको देखिन्छ :

सेट 'ए' प्रश्न नं. ३ मा पढ्न पढ्न (हुनुपर्ने : पढ्न), व्यावहारिक (हुनुपर्ने : व्यावहारिक), प्रश्न नं. १० मा ६ ओटा शब्दलाई रेखाङ्कित नगरिएको (हुनुपर्ने : ६ ओटा शब्दलाई रेखाङ्कित गर्नुपर्ने) जस्ता त्रुटिहरू भएका छन् भने सेट 'बी' मा प्रश्न नं. ५ को 'ख' मा बुरुन (हुनुपर्ने : बुझ्न), प्रश्न नं. १० को पदवर्ग (हुनुपर्ने : शब्दवर्ग), प्रश्न नं. १३ को उपप्रश्न 'क' पुरै छुटेको, प्रश्न १४ को पूर्णाङ्क २ (हुनुपर्ने : ५ पूर्णाङ्क), प्रश्न नं. १६ को 'ग' दिसा-दीसा (हुनुपर्ने : दिशा-दिसा) जस्ता त्रुटिहरू भएका छन् । जसको कारण

वाक्यको अर्थमा नकरात्मक असर पर्ने हुनाले त्रुटिप्रति सम्बन्धित निकाय सचेत हुनुपर्ने देखिन्छ ।

### ३.२ सारांश

प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू कति सबल र दुर्बल छन् भन्ने कुरा खुट्ट्याउने काम बाह्य आधारमा गरिन्छ । यसअन्तर्गत प्रमुख आधारहरू निर्देशन, अङ्कविभाजन र समयनिर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा पर्दछन् । यसै आधारभित्र विभिन्न उपआधारहरू पनि पर्दछन् । प्रश्नपत्रको बाह्य पक्ष स्पष्ट, आकर्षक एवम् स्तरयुक्त हुन जरुरी हुन्छ । यसले प्रश्नपत्रको विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता जस्ता पक्षहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ ।

## अध्याय - चार

# प्रश्न विश्लेषणका आन्तरिक आधारहरूमा अध्ययनीय प्रश्नहरूको विश्लेषण

### ४.१ आन्तरिक आधारहरू

भाषापाठ्यपुस्तकका आन्तरिक पक्षअन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र, शब्दार्थ, टिप्पणी, सङ्केत आदिको स्तर के कस्ता र कति उपयुक्त किसिमका छन् भनेर हेर्ने र नियाल्ने काम गरिन्छ भने प्रस्तुतिगत विशेषताअन्तर्गत भाषापाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुहरू छनोट र स्तरणका दृष्टिले के कस्ता र कति उपयुक्त छन् भन्ने कुराको अध्ययन गरिन्छ (शर्मा र पौडेल, २०६० : ३५७) ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय अवस्थामा बाह्य वैधतालाई प्रश्नपत्रको आन्तरिक तत्त्वको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारण गर्दछ, सीमाङ्कन गर्दछ र मूल्याङ्कनको उद्देश्य हासिल गराउन मार्ग निर्देशन गर्दछ (बस्नेत, २०६२ : ५९) । त्यसैले

प्रश्नको उद्देश्यपरकता, स्तरयुक्तता, उपयुक्तता तथा प्रक्रियागत प्रभावकारिताको लेखाजोखा प्रश्नपत्रको बनोटको अध्ययनबाट निक्यौंल गर्न सकिन्छ ।

## ४.१.१ पाठ्यक्रम अनुरूपता

पाठ्यक्रम अनुरूपताका दृष्टिले विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न, विधा वा विषय वस्तुको सीमा र प्रश्न, विधाको अङ्कभार र प्रश्न सन्तुलन तथा विधागत समय र प्रश्न सापेक्षता आदि उपआधारहरूलाई विचार गर्ने प्रयास गरिन्छ । यहाँ यिनै आधारहरूलाई अवलम्वन गरी पाठ्यक्रमका उद्देश्य, विधा, क्षेत्र, अङ्कभार, समय आदि अनुसार प्रतिनिधि प्रश्नहरूको उपयुक्तताको अध्ययन गर्ने प्रयास गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा आठको भाषा पाठ्यपुस्तकमा उल्लेखित उद्देश्यपूर्ण भए नभएको मूल्याङ्कनका निम्ति बनाउनु पर्ने प्रश्नको नमुना तथा विशिष्टीकरण तालिका निर्माण गरी जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयलाई उपलब्ध गराएको छ । यसलाई समेत आधार बनाएर पाठ्यक्रम अनुरूपताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको उपयुक्तताको अध्ययन विश्लेषण गरिएको छ ।

## ४.१.२ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न

कक्षा आठको नेपाली भाषा पाठ्यक्रममा कथा, कविता, प्रबन्ध/निबन्ध, रूपक, जीवनी, चिठी, व्याकरण र शब्दभण्डार विधाहरू समावेश गरेको पाइन्छ । सो पाठ्यक्रममा नेपाली विषयको प्रतिहप्ता पाठ्यभार ५ घण्टा र वार्षिक पाठ्यभार १५० घण्टी किटान गरी पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३२ निर्धारण गरेको पाइन्छ ।

पाठ्यक्रममा उल्लेखित कथा, जीवनी, कविता विधाको प्रयोजन पढाइ सीपको अभिवृद्धि गर्नु हो । निबन्ध विधाको मुख्य प्रयोजन लेखाइ सीपको अभिवृद्धि गर्नु भए तापनि आंशिक रूपमा पढाइ सीपको विकास गर्नु पनि हो । चिठी र दैनिकी विधाको प्रयोजन लेखाइ सीपको अभिवृद्धि गर्नु हो । संवाद वादविवाद, वक्तृत्व, एकाङ्की जस्ता रूपक विधाको उद्देश्य सुनाइ बोलाइ सीपको अभिवृद्धि गर्नु रहे पनि मूल्याङ्कनीय दृष्टिकोणले लेखाइ सीपको परीक्षण गर्न एकाङ्की समावेश पढाइ सीपको परीक्षण गर्नु हो । संवाद, वादविवाद र वक्तृत्व आदिको अभिव्यक्तिगत रचनालाई लिखित अभिव्यक्तिमार्फत कुनै न कुनै रूपमा परीक्षण गर्न सकिने भएकाले यी विधालाई रचनात्मक सीप परीक्षणका निम्ति

भाषागत शब्दभण्डार तथा उखान टुक्काजस्ता विधाको समावेश व्याकरण धारणा र शब्द भण्डार अभिवृद्धि तथा भाषिक सबलता प्रदान गर्न रहेको देखिन्छ (बस्नेत, २०६२ : ६०) ।

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा पाठ्यक्रमले निबन्ध/प्रबन्ध विधालाई विधा क्षेत्रमा समावेश गरेको भए पनि पाठ्यपुस्तक निर्माण गर्दा प्रबन्ध विधा मात्र छनोट गरेको कारणले निबन्ध विधा छुटेको देखिन्छ । स्वतन्त्र निबन्ध लेखनका लागि १०% अङ्क छुट्याएको देखिन्छ । सेट 'ए' प्रश्नमा जम्मा २० अङ्कको प्रश्न प्रबन्ध विधाबाट मात्र राखिएको छ । विधागत सन्तुलनका हिसाबले यसलाई उपयुक्त मान्न सकिँदैन । त्यसै सेटमा प्रश्न नं. १ मा रूपक विधा नै छुटेको पाइन्छ ।

## ४.१.३ विधा वा विषयवस्तुको सीमा र प्रश्न

निम्न माध्यमिक तहको पाठ्यक्रमले विधा वा विषयवस्तुको जे जति सीमा निर्धारण गरेको छ त्यसै सीमाभित्र रहेर प्रश्नहरू निर्माण गर्नुपर्ने हुन्छ । पाठ्यक्रममा अपेक्षा भन्दा ज्यादै न्यून स्तरका र निक्कै उच्च स्तरका प्रश्न निर्माण गरिनु हुँदैन । भाषिक प्रश्न निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र, विधा र अङ्कभारलाई ध्यान दिँदै वर्गिकरण गरी सोही सीमाभित्र रही दोषमुक्त प्रश्नहरू निर्माण गरिनु पर्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नको अध्ययन विश्लेषण गर्दा प्रश्न निर्माणमा पाठ्यक्रमलाई बेवास्ता गरी पाठ्यपुस्तकलाई आधार बनाएको देखिन्छ । सेट 'ए' को प्रश्न नं. १ मा प्रबन्ध विधालाई बढी जोड दिइ एकाङ्की विधालाई नछोएको पाइन्छ । त्यसको तुलनामा सेट 'बी' मा विधाको सन्तुलन मिलाएको पाइन्छ तर प्रश्न १ को क मा प्रयोग गरिएको क्रियापद उपयुक्त देखिँदैन । दुवै सेटमा प्रश्न नं.२, ४, ५, ६र ७ उपयुक्त नै देखिन्छ । सेट 'ए' को प्रश्न नं. ३ को अनुच्छेद पाठ्यक्रम अनुसार लामो र सेट 'बी' को छोटो देखिन्छ । अनुच्छेदमा प्रशस्त त्रुटिहरू पाइन्छन् । सेट 'बी' को प्रश्न नं. ९ मा एउटा मात्र प्रश्न दिनुपर्नेमा विकल्प प्रश्न दिएर भूल गरेको पाइन्छ । यसरी नै प्रश्न नं. १० मा शब्दवर्ग हुनुपर्ने ठाउँमा पदवर्ग दिएको पाइन्छ । प्रश्न नं. १३ मा एउटा उपप्रश्न छुट गरेको देखिन्छ भने प्रश्न नं. १४ मा अङ्क कम गरेको पाइन्छ । प्रश्न नं. १६ को ग पनि त्रुटिपूर्ण देखिन्छ । सेट 'ए' को प्र.नं. ८ मा बढी विकल्प दिएको छ भने प्रश्न नं. १० मा शब्दलाई रेखाङ्कित गरिएको पाइँदैन । दुवै सेटको प्रश्न नं. १३ मा कारक र विभक्तिमध्ये कुनै एक

मात्र उल्लेख गर्नुपर्ने देखिन्छ । यी तथ्यहरूको आधारमा प्रतिनिधि प्रश्नपत्रका केही प्रश्नहरू विधा वा विषयवस्तुका दृष्टिले त्रुटिपूर्ण देखिन्छन् ।

### ४.१.४ विधाको अङ्कभार र प्रश्न सन्तुलन

प्रश्नपत्रका प्रश्नहरूले नि.मा. पाठ्यक्रमको विधा वा विषयवस्तुका निम्ति वितरण गरिएका निर्धारित अङ्कभारलाई पछ्याउनु पर्छ र सोही अनुसार प्रश्नको सन्तुलन मिलाउनु पर्दछ । प्रतिनिधि प्रश्न पत्रहरूलाई यस दृष्टिबाट अध्ययन विश्लेषण गर्दा निम्न अवस्था देखिन्छ :

व्याकरण र शब्दभण्डार बाहेक प्रायः सबै विधाका प्रश्नहरूमा विकल्प दिइएका छन् । यसरी प्रश्न पत्र अध्ययन गर्दा दुवै सेटमा प्रश्न नं. ३, ४ र ८ बाहेक सबै प्रश्नमा विकल्प पाइन्छ  भने सेट 'बी' मा प्रश्न नं. ९ मा विकल्प दिएर त्रुटि गरेको छ । सेट 'ए' को प्रश्न नं. १ मा प्रबन्ध विधामा बढी अङ्क विभाजन गरेको र प्रश्न नं. १० मा प्रष्ट निर्देशनको अभाव रहेको पाइन्छ ।

यसरी प्रतिनिधि प्रश्नको अङ्क वितरणका आधारमा हेर्दा पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार भए पनि प्रश्नहरूको सन्तुलन त्रुटिपूर्ण रहेको पाइन्छ ।

### ४.१.५ विधागत समय र सापेक्षता

पाठ्यक्रममा विधाको लागि पाठ्यसमय निर्धारण गरिएको छ । प्रश्न निर्माण गर्दा तत्तत् समयलाई ख्याल गरेर प्रश्न निर्माण गरिनु आवश्यक छ । थोरै मेहनत गर्नुपर्ने विधाका लागि धेरै समय र धेरै मेहनत गर्नुपर्ने विधाका लागि थोरै समय निर्धारण भएका प्रश्न अवैध मानिन्छन् तसर्थ यस बारेमा सचेत भएर प्रश्न निर्माण गरिनुपर्छ (बस्नेत, २०६२ : ६२) । प्रतिनिधि प्रश्नको अध्ययन विश्लेषण विषयगत र वस्तुगत दुई प्रकारले गर्न सकिन्छ । व्याकरणका प्रश्नहरू वस्तुगत तथा प्रयोगात्मक किसिमका देखिन्छन् भने निबन्धात्मकअन्तर्गत विवेचनात्मक, सङ्क्षिप्त, व्याख्यात्मक र सिर्जनात्मक प्रश्नहरू राखेका देखिन्छन् । विकल्प प्रश्नको बहुलताका कारण विधागत भार देखिने अवस्था छैन ।

दुवै सेट प्रश्नमा विवेचनात्मक प्रश्नका लागि कविता र जीवनी विधाबाट समावेश गरिएको पाइन्छ । यसै गरी सङ्क्षिप्त उत्तरका लागि सेट 'ए' बाट प्रबन्ध विधाबाट ३ वटा,

कथा, कविता, जीवनीबाट १/१ वटा प्रश्न समावेश गरिएको छ । यहाँ रूपक विधालाई उपेक्षा गरेको देखिन्छ भने सेट 'बी' बाट प्रबन्धबाट २ वटा र कविता, कथा, रूपक र जीवनी विधाबाट १/१ वटा समावेश गरेको उपयुक्त छ । भाव/व्याख्यात्मकका लागि सेट 'ए' मा कविताबाट २ वटा रूपक र जीवनीबाट १/१ वटा प्रश्न सोधिएको छ भने सेट 'बी' मा कविता र कथाबाट २/२ वटा प्रश्न सोधिएको छ । सिर्जनात्मकका लागि दुवै सेटमा प्रश्न ७, ८ र ९ निर्धारण गरी विधागत सापेक्षता भएको पाइन्छ ।

यसरी दुवै सेटका प्रश्नहरूमध्ये प्रश्न नं. २, ७, ८, ९ मा विधा सन्तुलन पाइन्छ भने प्रश्न नं. १, ३, ४, ५ र ६ मा विधागत सन्तुलन पाइँदैन । बहुसङ्ख्यक प्रश्नहरूमा विधा अनुसार सन्तुलन नगरी प्रश्न निर्माण गर्नुले प्रश्नहरू त्रुटिपूर्ण छन् भन्न सकिन्छ ।

## ४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

भाषिक पक्षहरूभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रमा समावेश गरिने पढाइ सीप, लेखाइ सीप, व्याकरणीय ज्ञान र शब्द भण्डारको प्रयोगसम्बन्धी क्षमताहरू पर्दछन् (बस्नेत, २०६२ : ६३) । त्यसैले यहाँ यी प्रमुख पक्षको समायोजन र सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं.१०

भाषिक क्षेत्र र अङ्कभार वितरण

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| **पढाइ र लेखाइ** | | |
| (क) पाठगत प्रश्न | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी, रूपक | ३० |
| (ख) बोध | कथा, प्रबन्ध/निबन्ध, जीवनी | ५ |
| - दृष्टांश /अदृष्टांश | | |
| (ग) सारांश | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ५ |
| (घ) भावविस्तार/व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | १० |
| (ङ) रचना | (क) प्रबन्ध/निबन्ध | १० |
| - निर्देशित | (ख) चिठी, निवेदन, संवाद, विवादात्मक अभिव्यक्ति, कथात्मक अभिव्यक्ति | १० |
| - स्वतन्त्र | | |

| | | |
|---|---|---|
| व्याकरण | पहिचान र प्रयोग | २० |
| शब्दभण्डार | शब्दको अर्थ वाक्यमा प्रयोग | १० |

### ४.२.१ पढाइ/लेखाइ सीप

नि.मा. तहको पाठ्यक्रममा पढाइ सीप विकासका निम्ति कथा, जीवनी, कविता र प्रबन्ध विधा पढाइ, लेखाइ दुवैका लागि उपयोग गर्न सकिने देखिन्छ । रूपक (संवाद, वादविवाद, चिठी) सस्वर पढाइका साथै सुनाइ, बोलाइ सीप विकासका लागि तत्तत् सम्बन्धी लिखित रचना अभ्यासका लागि राखिएका पाइन्छन् । सुनाइ, बोलाइ सीपलाई पढाइ र लेखाइ सीप मै एकिकृत गरी अध्ययन गरिन्छ । यहाँ पढाइ लेखाइ सीप, पढाइ सीप र लेखाइ (रचना) सीपलाई पाठ्यक्रम र प्रतिनिधि प्रश्नको आधारमा निम्न आरेखबाट प्रष्ट पारिन्छ :

आरेख सङ्ख्या २

यसरी हेर्दा पढाइ/लेखाइको अङ्कभार जसमा सङ्क्षिप्त, विवेचनात्मक, भावप्रस्ट र व्याख्यामा २०, १०, ५, ५ गरी ४०% हुन्छ । दुवै सेट प्रश्नपत्रमा समान अङ्क विभाजन गरेको पाइन्छ । यसमा कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी, रूपकविधाबाट सङ्क्षिप्त, विवेचनात्मक, भाव विस्तार र व्याख्या प्रश्नहरू लेखाइ/पढाइ सीप परीक्षणका दृष्टिले संयोजन हुन आवश्यक हुन्छ ।

प्रश्न नं. १ सङ्क्षिप्त उत्तर दिनुहोस् :

(ख) हामी कानूनको सम्मान कसरी गर्न सक्छौं ? (सेट 'ए')

(ख) किसानले कस्तो सपना देखेको हुन्छ ? (सेट 'बी')

प्रश्न नं. २ (ख) विवेचनात्मक उत्तर दिनुहोस् : महाकवि कालिदासको साहित्यिक विशेषताहरूको चर्चा गर्नुहोस् । (सेट 'बी')

प्रश्न नं. ५(ख) भाव स्पष्ट पार्नुहोस् : यो माटो सबको साझा मेरो उद्देश्य केवल । (सेट 'ए')

प्रश्न नं. ६ (ख) सप्रसङ्ग व्याख्या गर्नुहोस् : रिमाल समाजलाई प्रगतितर्फ प्रेरित गर्ने र उज्यालो भविष्यको सङ्केत गर्ने साहित्यकार हुन् । (सेट 'ए')

माथि उल्लेखित प्रश्न नं. १ (ख) का दुवै सेटका प्रश्नहरू निम्न गुणस्तरका छन् भने प्रश्न नं. २ (ख), ५ (ख) र ६ (ख) का प्रश्न विद्यार्थीको स्तर अनुसार उच्च स्तरका मानिन्छ जसमा प्रश्नले अपेक्षा गरेअनुसारको उत्तर आउन कठिन देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू पढाइ/लेखाइ सीप पक्षको संयोजन र सन्तुलनमा त्रुटिपूर्ण रहेको पाइन्छ ।

## ४.२.२ पढाइ सीप

नि.मा. तहको नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पढाइ सीप विकासका लागि स्पष्ट रूपमा बोध र सारांश क्षेत्रअन्तर्गत रही कथा, प्रबन्ध/निबन्ध, कविता, जीवनी विधाबाट दृष्टांश/अदृष्टांश गरी १० अङ्कभार वितरण गरेको पाइन्छ । यसलाई तलको आरेखबाट प्रष्ट पारिन्छ ।

आरेख सङ्ख्या २

प्रतिनिधि प्रश्नलाई अध्ययन विश्लेषण गर्दा निम्नानुसार गरिन्छ :

दुवै सेटका प्रश्न नं. ३ मा अनुच्छेद पढी छोटो छरितो उत्तर र प्रश्न नं. ४ को गद्यांशको सारांश लेख्नुहोस को अङ्कभार समान पाइन्छ तर सेट 'ए' को प्रश्न नं. ३ र ४ र सेट 'बी' को प्रश्न ३ र ४ शब्द सङ्ख्या १२५ निर्देशन गरेकोमा सेट 'ए' को प्रश्नमा १५० शब्दभन्दा माथि र सेट 'बी' को प्रश्नमा ८० शब्दमात्र भएको पाइन्छ । यसरी हेर्दा एक्कै साल एउटै कक्षामा एकै प्रकृतिका पढाइ सीप विकास गर्ने प्रश्नहरूमा एकरूपता नभइ विविधता हुनु प्रश्न निर्माताको लापरवाही प्रष्ट देखिन्छ ।

## ४.२.३ लेखाइ सीप

पाठ्यक्रममा लिखित रचनाले पूर्णाङ्कको २० प्रतिशत अङ्क पाउनु पर्ने देखिन्छ । यस रचना अभ्यासका लागि निर्धारित विधाहरूमा प्रबन्ध/निबन्ध, चिठ्ठी, निवेदन, संवाद, वादविवाद, कथात्मक अभिव्यक्ति समावेश गरिएको पाइन्छ । मौखिक रचनाका लागि रूपक विधा कायम गरिएको भए पनि मौखिक मूल्याङ्कन नहुने गरेको परिप्रेक्षमा कुनै रूपमा लिखित विधाबाटै मापन गर्नुपर्ने ठान्दै रूपक विधालाई लिखित रचनाको रूपमा परीक्षण गरिएको छ । यसरी हेर्दा कथा/संवाद, निबन्ध, चिठ्ठी, वादविवाद रचना कौशलमा क्रमशः ५, १०, ५ परीक्षणको लागि छुट्याएको पाइन्छ । यसलाई आरेखबाट पनि प्रष्ट पार्न सकिन्छ ।

आरेख सङ्ख्या २

यस दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गर्दा दुवै सेट प्रश्नपत्रमा परीक्षणका लागि समान अङ्कभार दिएको उपयुक्त मानिन्छ तर यहाँ प्रश्न निर्माणका दृष्टिले हेर्दा दुवै सेटमा एकरूपता नभइ विविधता देखिन्छ जस्तै :

सेट 'ए' को प्रश्न नं. ८ को निबन्ध लेखनमा दुईवटा वैकल्पिक प्रश्न दिएको

सेट 'बी' प्रश्न नं. ९ मा चिठी र वादविवादमध्ये कुनै एक भनेर विकल्प दिएको

यहाँ सेट 'ए' को प्रश्न नं.८ र सेट 'बी' को प्रश्न नं. ९ पाठ्यक्रमको भावनालाई लत्याएको हुँदा लिखित रचना पक्षमा अपूर्ण र असन्तुलित भएको पुष्टि हुन्छ ।

## ४.२.४ व्याकरण

यस तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्ट्याइ गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिस्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ । यस तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण शिक्षण गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मननीय छ (नि.मा. तहको पाठ्यक्रम विकास केन्द्र, २०६४ : १०) । व्याकरणको परीक्षण व्यावहारिक सीपको मूल्याङ्कन गर्ने किसिमको हुनुपर्छ र रहेको पाइन्छ । यहाँ व्याकरण परीक्षणको लागि २०% अङ्क छुट्ट्याएको छ ।

प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण गर्दा यस क्षेत्रअन्तर्गत शब्दवर्ग, काल, पक्ष, अर्थ (भाव), पदसंगति, वाच्य परिवर्तन, वाक्य परिवर्तन, कारक विभक्ति, वर्ण विन्यास र लेख्य चिह्नमा अङ्क विभाजन गरेको पाइन्छ । दुवै सेट प्रश्नमा उक्त बुँदामा अङ्क समावेश गरेको पाइन्छ । त्यसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ११

व्याकरण परीक्षण तालिका

| क्र.सं. | सेट | पूर्णाङ्क | शब्दवर्ग | काल, पक्ष, भाव(अर्थ) | पदसङ्गति, वाच्य र वाक्य परिवर्तन | कारक र विभक्ति | वर्ण विन्यास (शुद्ध गर) | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | P | 100 | 3 | 4 | 6 | 2 | 5 | 20 | 20 |
| 2 | aL | 100 | 3 | 4 | 6 | 2 | 2 | 17 | 17 |

तालिका अध्ययन गर्दा सेट 'बी' वर्ण विन्यासमा ३ अङ्क कम गरेको पाइन्छ भने प्रश्नपत्र अध्ययन गर्दा सेट 'ए' प्रश्न को शब्दवर्ग स्तम्भमा प्रष्ट निर्देशन अभाव, कारक विभक्ति स्तम्भमा अन्योलपूर्ण निर्देशन, शुद्ध गर स्तम्भमा त्रुटि सङ्ख्या कम पाइन्छ । सेट 'बी' प्रश्नको शब्दवर्ग स्तम्भमा पदवर्ग राखेर भुल गरेको, कारक विभक्ति स्तम्भमा अन्योलपूर्ण निर्देशन र एक उपप्रश्न छुटेको पाइन्छ । यस्ता अङ्कभारकम, निर्देशन प्रष्ट नहुनु, उपप्रश्न छुट्नु, व्याकरणमा समानुपातिक सन्तुलन नभएको र पाठ्यपुस्तकका अभ्यासहरूबाट जस्ताको तस्तै लिनु सबै उपक्षेत्रहरू समेटिन नसक्नु आदि कमिकमजोरीले प्रश्नपत्रमा एकरूपता नभएको पाइन्छ ।

### ४.२.५ शब्द भण्डार

निदिष्ट पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखान टुक्काको शिक्षा गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन मद्दत पुग्छ । पाठमा प्रयुक्त पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक आदि शब्दहरू र  उखान टुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनु अपेक्षित छ (नि.मा. पाठ्यक्रम विकास केन्द्र, २०६४ : १०) । यस क्षेत्रमा पाठ्यक्रम अनुसार १० प्रतिशत अङ्क भार छुट्याइएको पाइन्छ । यसलाई तलको तालिकाबाट प्रष्ट पारिन्छ ।

तालिका नं. १२

शब्द भण्डार परीक्षण तालिका

| क्र.सं. | सेट | पूर्णाङ्क | शब्दार्थ | शब्द पहिचान | वाक्य निर्माण | जम्मा अङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | P | 100 | 2 | 3 | 5 | 10 | 10 |
| 2 | aL | 100 | 2 | 3 | 5 | 10 | 10 |

यसरी माथिको तालिका अध्ययन विश्लेषण गर्दा प्रतिनिधि प्रश्नका दुवै सेट प्रश्नपत्रमा समान अङ्क भारमा एकरूपता हुनु सकारात्मक पक्ष देखिन्छ । शब्द पहिचान स्तम्भमा दुवै सेट प्रश्नका ग उपप्रश्न त्रुटिपूर्ण रहेको पाइन्छ ।

### ४.३ प्रश्नपत्रमा हुनुपर्ने गुण

परीक्षणमा समावेश गरिने प्रश्नहरू गुणस्तरयुक्त हुनु पर्दछ । यिनीहरूले विद्यार्थीको शैक्षिक उपलब्धिको गुणस्तरलाई शुद्धतापूर्वक र भरपर्दो तरिकाले लेखाजोखा गर्न सक्नु पर्दछ । यसले राम्रो र नराम्रो विद्यार्थी बीचको अन्तरलाई स्पष्ट रूपमा देखाउन सक्नु पर्छ । प्रश्नहरू धेरै गाह्रो वा सजिलो नभएर मध्यम स्तरको हुनु पर्दछ । प्रश्नका यी सबै गुणहरूबारे सुनिश्चित गर्न यिनीहरूको प्रत्यक्ष अनुभवमा आधारित विश्लेषण गरिनु पर्दछ (ज.ब.रा. र अन्य, २०६३ : १७२) ।

प्रश्नपत्रको आन्तरिक गुणको स्तरीयताले परीक्षणलाई सार्थक र उद्देश्यपूर्ण बनाउँछ । ती आन्तरिक गुणहरूमा विश्वसनीयता, वैधता, विभेदकारिता र व्यवहारिकता मुख्य हुन् । यिनै गुणहरूको आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गरिएको छ ।

### ४.३.१ विश्वसनीयता

विश्वसनीयता भनेको मापनको साधनमा पाइने त्यो गुण हो, जसले यस साधनद्वारा गरिएको मापनको शुद्धता अर्थात् पटकपटकको मापनमा समान गुणलाई समान रूपले मापन गर्नसक्ने क्षमताबारे जानकारी गराउने साधनलाई विश्वसनीय भनिन्छ (ज.ब.रा. र अन्य, २०६३ : १७२) । वस्तुगत प्रश्नमा जस्तो विषयगत प्रश्नमा विश्वसनीयता ठ्याक्कै त हुँदैन तर समानता भने हुन्छ । परीक्षार्थीको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक स्थिति, वातावरणीय प्रभाव तथा परीक्षकमा स्वभाविक रूपमा रहने वैयक्तिक धारणाको भिन्नताले विश्ससनीयतामा फरक त पर्छ तापनि सर्वाधिक रूपमा प्रश्नको आन्तरिक बनोटले नै यसमा भूमिका खेलेको हुन्छ । धेरै विकल्प भएका, असमान विकल्प भएका, पुच्छ्रेपश्न, सुराक पत्तालाग्ने प्रश्न, कण्ठाग्र गरेर लेख्न मिल्ने, सार्न वा चोर्न प्रश्न तथा अनिश्चित आयतन, स्तर प्रतिकूल र अस्पष्ट प्रश्नहरूले विश्वसनीयतामा बाधा पुऱ्याउँछ । त्यसैले विश्वसनीय हुन प्रतिनिधि प्रश्नहरूमा निम्न लिखित कुरा आवश्यक देखिन्छ :

#### ४.३.१.१ स्पष्टता

प्रश्न निर्माण गर्दा स्पष्ट भाषामा दाहोरो अर्थ नलाग्ने, विद्यार्थी नअल्मलिने गरी मापनीय प्रश्नहरू दिनुपर्छ । यसका आधारमा प्रतिनिधि प्रश्नहरू अध्ययन गर्दा तलको अवस्था देखिएका छन् :

- प्रश्न नं. १ कुनै चारओटा प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : (क) कानुन भन्नाले के बुझिन्छ ? (सेट ए)
- प्रश्न नं. ३ अनुच्छेद पढी तलका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : (क) पर्यटन भन्नाले के बुझिन्छ ? (सेट ए)
- प्रश्न नं. ५ कुनै एक उद्धरणको भाव स्पष्ट पार्नुहोस् : (ख) आमाको प्रेम आफ्नो सन्तानप्रति कति गहिरो हुन्छ, त्यो तिमीले बुरुन सक्तिनौ छोरी ..... । (सेट बी)
- प्रश्न नं. १० रेखाङ्कित शब्दहरूको शब्दवर्ग (नाम, सर्वनाम आदि) ठम्याइ लेख्नुहोस् : (सेट ए)
- प्रश्न नं. १० रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनु होस् : (सेट बी)
- प्रश्न नं. १३ कोष्ठकमा सङ्केत गरे अनुसार कारक वा उपयुक्त विभक्ति भरी वाक्य पूरा गर्नुहोस् : (सेट ए)
- प्रश्न नं. १३ खाली ठाउँमा कारक वा उपयुक्त विभक्ति भरी वाक्य पूरा गर्नुहोस् : (सेट बी) यसैमा उपप्रश्न क छुटेको छ ।

उक्त प्रश्नहरूमा पहिलो र दोस्रो उदाहरणमा (प्रश्न नं. १ र २ को क नं. मा) के बुझिन्छ  भने क्रियापदले पूर्णता दिँदैन यस्तो क्रियापद प्रश्नमा राख्नु उपयुक्त हुँदैन । प्रश्न नं. ५ (ख) सेट 'बी' बुरुन लेखेको (हुनुपर्ने बुझ्न), प्रश्न नं. १० मा शब्द वर्ग (नाम, सर्वनाम) ठम्याउनु होस् भनेर प्रष्ट निर्देशन दिएको छैन भने शब्दहरूलाई रेखाङ्कित पनि गरेको पाइँदैन, पदवर्गको ठाउँमा शब्द वर्ग हुनुपर्ने यहाँ पनि निर्देशन गलत देखिन्छ । १३ नं. मा कारक र विभक्ति के छुट्याउनु पर्ने प्रष्ट निर्देशन दिइएको छैन र सेट 'बी'मा उपप्रश्न 'क' छुटेको छ ।

### ४.३.१.२ सुराक दिने प्रश्न

एउटै प्रश्नपत्र भित्र एउटा प्रश्नको उत्तरसँग मिल्ने अर्को प्रश्न भएमा त्यही उत्तर सार्ने हुनाले प्रश्नको विश्वसनीयता गुम्छ । यहाँ यस्ता सुराक दिने प्रश्न ज्यादै न्यून भए पनि यस्ता प्रश्नको सम्भावना भने रहन्छ । यहाँ प्रतिनिधि प्रश्न अधययन गर्दा निम्न अवस्था पाइन्छ ।

सेट 'ए' को प्रश्न नं. १४ को 'ग' मा उही उत्तर आउने वा मिल्दो जुल्दो उत्तर कोष्ठकमा दुईओटा राखिदिएको हुँदा सजिलै सुराक पाउन सकिन्छ जस्तै :

............ श्रुतिसमभिन्नार्थक शब्द हुन् । (भित्र-मित्र, मीत-हित, फुल-फूल)

**४.३.१.३ पुच्छ्रेप्रश्न**

एउटा प्रश्नमा अर्को प्रश्न जोडेर दिनुलाई पुच्छ्रेप्रश्न भनिन्छ । पुच्छ्रेप्रश्नका कारण परीक्षार्थीलाई उत्तर दिँदा अल्मलिने र कुन प्रश्नलाई कति महत्त्व दिने भन्ने कुरा अस्पष्ट हुन्छ । त्यसैले यस्ता प्रश्न राख्नु हुँदैन र राख्नुपर्ने भए अङ्कभार छुट्याएर राख्नु पर्छ ।

यहाँ प्रतिनिधि प्रश्नमा पुच्छ्रेप्रश्नको बाहुल्यता ज्यादै न्यून हुँदाहुँदै पनि दुवै सेट प्रश्नहरूको अध्ययन विश्लेषण गर्दा विवेचनात्मक उत्तर दिनुहोस् प्रश्नमा पुच्छ्रेप्रश्न देखिन्छ । सेट 'ए' को ख नं. मा अङ्क विभाजनको व्यवस्था छैन त्यसैले यस्ता सिद्धान्त विपरितका प्रश्न दिन अव्यवहारिक देखिन्छ ।

**४.३.१.४ असम्बद्ध विकल्पन**

परीक्षणीय उद्देश्य भिन्नाभिन्नै भएका प्रश्नहरूलाई विकल्पका रूपमा राख्नाले मापनीय विश्वसनीयतामा ठूलो आघात पर्दछ । परीक्षणीय उद्देश्य अनुसार प्रश्नका उत्तर प्रक्रियाहरू फरक फरक हुने भएकाले असम्बद्ध विकल्पहरूको व्यवस्था प्रश्नमा गरिनु हुँदैन (बस्नेत, २०६२ : ७१) । एउटा सीपमा सक्षम विद्यार्थी अर्को सीपमा पनि समान रूपमा सक्षम हुन्छन् भन्न सकिँदैन ।

उक्त दृष्टिले प्रतिनिधि प्रश्नलाई अध्ययन गर्दा शब्दभण्डार क्षेत्रका सेट 'ए' को प्रश्न नं. १४ ग र सेट 'बी' को प्रश्न १६ ग असम्बद्ध विकल्पनाको अवस्था पाइन्छ भने अन्य प्रश्नहरू उपयुक्त नै छन् ।

**४.३.१.५ असमान विकल्प**

कुनै एउटा मूल प्रश्न भित्र विभिन्न किसिमका उपप्रश्न राखी ती मध्ये केही प्रश्नको मात्र उत्तर दिन लगाइन्छ भने दिइएका प्रश्नहरूको कठिनाइ स्तर समान हुनुपर्दछ । असमान भएमा सरल प्रश्नमा बढी अङ्क आउँछ र विश्वसनीयतामा आघात पुग्छ । समान

स्तरका प्रश्न भित्रका विकल्प भएमा विश्वसनीयताको गुण बढ्न गई प्रश्नपत्रको आन्तरिक गुण बलियो हुनजान्छ ।

उक्त दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषणबाट सङ्क्षिप्त, विवेचनात्मक, व्याख्यात्मक र निबन्ध रचनामा विकल्प दिएको पाइन्छ । यहाँ सेट 'बी' को प्रश्न नं. १ क र ङ को सङ्क्षिप्त उत्तर र सेट 'ए' को प्रश्न नं. २ क र ख विवेचनात्मक उत्तरमा असमानता देखिन्छ । व्याख्या र निबन्ध लेखनमा समान विकल्प भए पनि सङ्क्षिप्त उत्तर र विवेचनात्मक उत्तरमा असमान विकल्पको अवस्था रहेकाले विश्वसनीयताको गुण ग्रहण गर्न सकेको देखिँदैन ।

#### ४.३.१.६ कण्ठस्थीकरण

प्रश्नहरूको विश्वसनीयतामा प्रभाव पार्ने प्रमुख तत्त्वमध्ये कण्ठस्थीकरण गर्ने खालका प्रश्नहरूमा जोड दिनु पनि हो । उत्पादानात्मक गुण भएका प्रश्नमा भन्दा प्रतिस्मरणात्मक गुण भएका प्रश्नहरूमा कण्ठस्थीकरणलाई प्रोत्साहन मिल्छ । यस्ता प्रश्नबाट कण्ठ गर्ने विद्यार्थीले बढी अङ्क ल्याउने र राम्रो विद्यार्थी पछि पर्ने हुन्छ । चोरेर, अर्काको सारेर कमजोर विद्यार्थीले पनि अनुमानात्मक किसिमले उत्तर मिलाउने हुँदा त्यस्ता प्रश्नमा विश्वसनीयताको गुण कम रहन्छ तर नेपालमा प्रचलनमा प्रयोगरत प्रश्नमा यस्तै प्रश्नको बाहुल्य देखिन्छ (बस्नेत, २०६२ : ७३) ।

त्यसैले प्रश्नको विश्वसनीयताको गुण वृद्धिगर्न कण्ठस्थीकरण खालका प्रश्नभन्दा उत्पादानात्मक किसिमका प्रश्न निर्माण गरिनुपर्छ । प्रतिनिधि प्रश्नहरूमा माथी उल्लेख गरेअनुसार विश्वसनीयतामा चोट पुऱ्याउने कमि कमजोरी भएको पाइन्छ ।

### ४.३.२ वैधता

वैधता कुनै पनि जाँचको साधनमा हुनुपर्ने अत्यावश्यक गुण हो । यस गुणको अभावमा कुनै पनि परीक्षणले आफ्नो उद्देश्य हासिल गर्न सक्दैन । वैधता भनेको जाँचको साधनमा पाइने त्यो गुण हो जसको आधारमा कुनै परीक्षणले ती गुणहरू नै परीक्षण गरेको

कुरा सुनिश्चित गरिन्छ जुन गुण परीक्षण गर्न यसलाई तयार गरिएको हुन्छ । अर्थात् जब कुनै जाँचको साधनले ती गुणहरू नै परीक्षण गर्दछ, जसको परीक्षण गर्ने उद्देश्यले त्यसलाई तयार गरिएको हुन्छ ; तब त्यस जाँचको साधनलाई वैध भनिन्छ । यसले कुनै परीक्षणको जाँच्न खोजेको विषयवस्तु नै परीक्षण गरेको हो भन्ने कुरा सुनिश्चित गर्दछ (ज.ब.रा. र अन्य, २०६३ : १८८) ।

परीक्षण गर्न खोजिएका कुरालाई दुरुस्त र त्रुटिरहित तरिकाबाट परीक्षण गर्ने गुण नै प्रश्नपत्रको वैधताको उदाहरण हो । प्रश्नहरू आन्तरिक र बाह्य रूपबाट त्रुटिरहित हुन जरुरी छ । आन्तरिक रूपबाट प्रश्न वैध हुनुलाई विश्वसनीयता चाहिन्छ । विश्वसनीयता हुँदैमा वैध हुन्छ भन्न सकिँदैन । यसले प्रश्नका मापनीय समरूपता र एकरूपताको मात्र आँकडा दिन्छ । वैधताले विश्वसनीयताको प्रमाणिकताको लेखाजोखा गर्दछ र उपयुक्त निर्णयमा पुग्न मूल्याङ्कनलाई मद्दत गर्दछ । वैधताका विषयगत, रचनात्मक, अनुमानात्मक, समवर्ती जस्ता पक्षहरूको आधारमा प्रतिनिधि प्रशनहरूको निम्नानुसार अध्ययन विश्लेषण गरिन्छ ।

### ४.३.२.१ विषयगत वैधता

परीक्षणको साधनमा समावेश गरिएका प्रश्नहरूले कुनै विषयवस्तुको सम्पूर्ण अंशलाई नओगटेर यस विषयवस्तुको केही अंशलाई मात्र ओगटेको हुन्छ र यस अंशको परीक्षणद्वारा सम्पूर्ण विषयवस्तुको परीक्षण गरिएको दाबी गरिन्छ । यदि परीक्षणअन्तर्गत समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछन् भने यस्तो जाँचमा विषयगत पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र विषयवस्तुका सीमाहरूलाई समग्ररूपमा ढाक्ने र त्यसै अनुसार परीक्षार्थीका उपलब्धिहरूलाई परीक्षण गर्न सक्ने प्रश्नहरू नै विषयगत वैधता भित्र पर्न सक्दछन् ।

उक्त आधारबाट प्रतिनिधि प्रश्नहरूको अधययन विश्लेषण गर्दा प्रश्नपत्रहरू पाठ्यक्रमको ख्याल नगरीकन पाठ्यपुस्तक र तिनमा भएका अभ्यासहरूलाई हेरेर विशिष्टीकरण तालिकालाई बेवास्ता गरी प्रश्न बनाइने हुँदा विषयगत वैधतामा असर पर्ने उदाहरण देखिन्छन् । सीपगत दृष्टिले विषयवस्तुका विधाहरूको संयोजन र सन्तुलन हुन नसक्नु, पाठ्यक्रम र पाठ्यपुस्तक बीचमा समन्वय नगरी प्रश्न बनाउनु, कक्षागत दृष्टिले हुनुपर्ने स्तरभन्दा न्यून र उच्च स्तरका प्रश्नहरू बनाउनु, प्रश्न निर्माण गर्दा प्रश्नको तह

(ज्ञान, बोध, व्यवहारिक सीप, उच्च दक्षता) मा ध्यान नपुऱ्याउनु, अङ्क, समय र प्रश्नको सन्तुलन नमिल्नु र भाषाका सीपहरू एवम् व्याकरण र शब्दभण्डार सम्बन्धी विषयवस्तुलाई गहन अध्ययन नगरी प्रश्न निर्माण गरिनुले विषयगत वैधतामा कमजोर भएको पाइन्छ ।

दुवै सेटमा अधिकांश प्रश्नहरू पाठ्यपुस्तकको अभ्यासबाट दिएको पाइन्छ । यसैगरी सेट 'ए' प्रश्न नं. १ मा अधिकांश प्रश्नहरू प्रबन्ध विधाबाट मात्र सोधिएको हुँदा रूपक विधालाई उपेक्षा गरेको पाइन्छ । यसै प्रश्नको उपप्रश्न ख र ङ त्रुटिपूर्ण छ जस्तै प्रश्न नं. १ को ङ मा पाठको पात्र उल्लेख गर्नुपर्ने जस्ता त्रुटिहरू देखिएको हुँदा प्रतिनिधि प्रश्नहरूमा विषयगत वैधताका दृष्टिले कमजोर देखिन्छन् ।

### ४.३.२.२ रचनात्मक वैधता

रचनात्मक वैधता कुनै पनि परीक्षणमा हुनुपर्ने सबैभन्दा महत्त्वपूर्ण र आवश्यक वैधता हो । विषयगत वैधता भएको परीक्षणमा पनि रचनात्मक वैधता हुनु अनिवार्य हुन्छ । यसले जाँचमा प्रयोग गरिएका प्रश्नहरूले सम्बन्धित गुणलाई के कति मात्रामा परीक्षण गर्न सफल भएको छ ? भन्ने कुराको जाँच गर्दछ । कुनै परीक्षण सम्बन्धित गुणको परीक्षणसँग जति निकट हुन्छ, त्यस परीक्षणमा त्यति नै बढी मात्रामा रचनात्मक वैधता भएको भनिन्छ (ज.ब.रा. र अन्य, २०६३ : १९४) । प्रश्नपत्रहरूले विद्यार्थीको तार्किक, बौद्धिक, संवेगात्मक, मौलिक तथा सृजनात्मक पक्षहरूको कुशलतासाथ परीक्षण गर्न सक्ने प्रश्नहरू नै रचनात्मक वैधता भएका प्रश्न हुन् । यसले विषय वस्तुको कोरा ज्ञान र प्रयोग क्षमतालाई मात्र परीक्षण नगरी विद्यार्थीमा अन्तर्निहित मानसिक सौन्दर्य एवम् प्रस्तुतिगत अभिक्षमतालाई स्वभाविक तरिकाले परीक्षण गर्न सक्ने प्रश्नहरू हुनु जरुरी देखिन्छ ।

उक्त माथि उल्लेखित दृष्टिकोणमा प्रतिनिधि प्रश्नहरू अध्ययन विश्लेषण गर्दा केही प्रश्न उपयुक्त नै छन् भने केही प्रश्न प्रतिस्मरणमा जोड, कण्ठस्थीकरणलाई जोड, स्तर प्रतिकूल, जटिल र घुमाउरो प्रश्नहरू सोधिएका छन् । यस तथ्यलाई निम्न उदाहरणहरूबाट प्रष्ट पारिन्छ ।

- प्रश्न नं. १ को (ङ) रिमालको नाट्यकृतिले के सन्देश दिन्छ ? (घुमाउरो, सेट बी)
- प्रश्न नं. ९ को नमुना अनुसार प्रश्न निर्माण नगरी विकल्प दिइएको (सेट बी)
- प्रश्न नं. ९ को (क) 'धनभन्दा विद्या ठूलो हुन्छ' शीर्षकमा विपक्षीका मतको खण्डन गर्दै पक्षबाट गहकिला तर्कहरू राखी बादविवाद लेख्नुहोस् । (उच्च स्तरको सेट बी)

यस्ता प्रश्नहरूले रचनात्मक वैधतामा आँच पुऱ्याउने हुँदा प्रश्न निर्माताले वैधतायुक्त प्रश्न निर्माण गर्नुपर्ने देखिन्छ ।

#### ४.३.२.३ अनुमानात्मक वैधता

परीक्षाका प्रश्नहरूले विद्यार्थीको भावी योजना उपलब्धिको पनि पूर्वकथन गर्न सक्नुपर्छ । यस्तो क्षमता वा गुण भएका प्रश्नहरूलाई अनुमानात्मक वैधता भएका प्रश्न भनिन्छ (बस्नेत, २०६२ : ७६) । प्रतिनिधि प्रश्नहरूमा देखिएका विषयगत र रचनात्मक वैधताको अवस्थाले अनुमानात्मक वैधतामा पनि असर पुऱ्याएको पाइन्छ । सम्पूर्ण विषयवस्तुलाई समेट्न नसक्नु, ठोस उत्तर नआउने प्रश्न निर्माण गरिनु, कुनै विधालाई बढी र कुनैलाई कम प्राथमिकता दिई निर्माण गरिएका प्रश्नहरूको विद्यार्थीका विषयवस्तु र तत्सम्बन्धी क्षमताहरूको भरपर्दो नतिजा देखाउन नसक्ने भएकाले भावी दक्षताहरूको पूर्वानुमान गर्न गाह्रो छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गर्दा पाठ्यपुस्तकका अभ्यासलाई सर्वोपरी महत्त्व दिई तिनै अभ्यास खण्डबाट हुबहु उत्तर गरी बनाइएका प्रश्नले अनुमानात्मक वा पूर्वकथनात्मक वैधतालाई कमजोर पुऱ्याएको पाइन्छ । यसको उदाहरणका रूपमा तलका प्रश्नलाई अध्ययन गरौँ :

- प्रश्न नं. १ (ख) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ७ प्र.नं. १ 'च' (सेट ए)
- प्रश्न नं. १ (ग) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ६९ प्र.नं. ५ 'ख' (सेट ए)
- प्रश्न नं. १ (घ) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ८४ प्र.नं. ६ 'च' (सेट ए)
- प्रश्न नं. १ (च) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ १०७ प्र.नं. ९ 'ग' (सेट ए)
- प्रश्न नं. ५ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ६० प्र.नं. ५ 'क' (सेट ए)
- प्रश्न नं. ६ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ३ प्र.नं. ८ (सेट ए र बी)

- प्रश्न नं. १ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ७ प्र.नं. १ 'क' (सेट बी)
- प्रश्न नं. १ (ग) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ५४ प्र.नं. ४ 'च' (सेट बी)
- प्रश्न नं. १ (घ) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ६० प्र.नं. ४ 'च' (सेट बी)
- प्रश्न नं. १ (ङ) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ १२ प्र.नं. ६ 'घ' (सेट बी)
- प्रश्न नं. १ (च) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ११९ प्र.नं. ४ 'घ' (सेट बी)
- प्रश्न नं. ५ (ख) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ३९ प्र.नं. ५ (सेट बी)
- प्रश्न नं. ६ (ख) हाम्रो नेपाली किताब कक्षा-८ पृष्ठ ९० प्र.नं. ५ 'ख' (सेट बी)

### ४.३.२.४ समवर्ती वैधता

समवर्ती वैधता भन्नाले समस्तरीय वा निकटस्तरीय परीक्षाका प्रश्नहरूले देखाउने नतिजाहरूको समवर्ती परीक्षणसँग तुलनात्मक रूपले गरिने वैधता भनिन्छ । यस अध्ययन विश्लेषणमा जिल्लास्तरीय परीक्षा २०६७ मा सुनसरी जिल्लामा प्रयोग गरिएका प्रश्नहरूको मात्र अध्ययन गरिने भएकाले स्तरगत रूपमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

यो परीक्षा जिल्लास्तरीय परीक्षा भएकाले पाठ्यक्रम पाठ्यपुस्तकको मर्मलाई ध्यान दिँदै जिल्लाको समग्र भाषिक स्तरलाई ख्याल गरी सोही अनुसार नेपाली भाषाका परीक्षण प्रश्नहरू बन्नुपर्ने हो तर यहाँ प्रश्नको ढाँचा प्रायः एस.एल.सी. को प्रश्नपत्रबाट प्रभावित भई सोही अनुसारका नमुनामा आधारित रहेको देखिन्छ । विशेषगरी विवेचनात्मक प्रश्न, व्याख्यात्मक प्रश्न, केही सङ्क्षिप्त उत्तरका प्रश्न, रचना सम्बन्धी प्रश्नको स्तर प्रायः एस.एल.सी.भन्दा कमजोर देखिँदैनन् तर यस्ता प्रश्न कक्षागत रूपमा स्तर प्रतिकूल भएको पाइन्छ ।

उक्त दृष्टिकोणले प्रतिनिधि प्रश्नहरू एस.एल.सी.बाट प्रभावित भएकोले समवर्ती वैधता न्यून रहेको पाइन्छ ।

## ४.३.३ विभेदकारिता

विभेद गर्न सक्ने गुण भएका प्रश्नहरूलाई नै प्रश्नहरूको विभेदकारिता गुण हो भनिन्छ । एउटा कक्षामा वैयक्तिक भिन्नताका कारणले प्रत्येक विद्यार्थीका तार्किक क्षमता, सीपगत कुशलता, बौद्धिक क्षमता र शैलीगत सृजनताको स्तर फरक फरक हुन्छ । त्यसैले

परीक्षाका प्रश्नहरूले उच्च, मध्यम र निम्न स्तरका सबैखाले परीक्षार्थीहरूको स्थान निर्धारण गर्ने क्षमता राख्नुपर्छ ।

जहाँ प्रश्नहरूमा वैधता र विश्वसनीयताको उच्च गुण हुन्छ त्यहाँ विभेदकारिता गुण सृजना हुन्छ । त्यसैले कण्ठ गर्ने र अर्काको सारेर वा चोरेर सही उत्तर लेख्न सकिने प्रश्नले सही रूपमा विभेदकारिताको गुणलाई यकिन गर्न सकिँदैन । त्यसैले वैधता र विश्वसनीयतामा आघात परेका प्रश्नबाट विभेदकारितामा पनि आघात परेको मानिन्छ ।

### ४.३.४ व्यावहारिकता

प्रश्नपत्रमा हुनुपर्ने व्यवहारिक गुणभित्र परीक्षा सञ्चालन युक्तता, समय सापेक्षता, किफायतीपन, अङ्कन सरलता तथा परीक्षाले देखाउने परिमाणको विश्लेषण गर्न सजिलोपन आदि पर्दछन् । समय सापेक्षता भित्र प्रश्नहरू, समय सन्तुलन, अङ्कभार र किफायतीपन भित्र कम खर्चिलो, स्तरीय कागज, स्पष्ट अक्षरमा छापिएका प्रश्नहरू पर्दछन् ।

प्रतिनिधि प्रश्नहरूमा विषयगत प्रश्नको अङ्क मापन गर्नुपर्ने भएकाले वस्तुगत प्रश्नको तुलनामा कठिन छन् । यसमा सङ्क्षिप्त उत्तरात्मक, विवेचनात्मक, व्याख्यात्मक, भावार्थमूलक र रचनात्मक किसिमका प्रश्नहरू अङ्क मापनका दृष्टिले कठिन छन् भने व्याकरण र शब्द भण्डारका प्रश्नहरू सरल देखिन्छन् । सेट 'बी' को प्रश्न नं. ९ को 'क' वादविवादमा **विपक्षीका मतको खण्डन गर्दै** भन्ने वाक्यांशले त्यसको लागि छुट्टै अङ्क छुट्याउनु पर्छ कि भन्ने प्रश्न उठ्न सक्छ । यसरी अध्ययन गर्दा केही अमापनीय प्रश्न बाहेक अरू प्रश्न व्यवहारिक देखिन्छन् ।

## ४.४ भाषा

प्रश्नका आन्तरिक गुण प्रभाव पार्ने विभिन्न तत्त्वहरूमध्ये भाषा पनि प्रमुख तत्त्व हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरल र जटिलताले प्रश्न प्रभावित हुन्छ । भाषाको अर्थघातक प्रयोगलाई आन्तरिक दृष्टिले हेरिन्छ । प्रश्न सोधाइको घुमाउरोपन, जटिल शब्द र वाक्य संयोजन वर्ण विन्यासका त्रुटिले ल्याएका अर्थ भिन्नता, चिह्न प्रयोगका दृष्टिले गरिएका गलत सूचना तथा सङ्गतीगत अशुद्धताले देखाएका कमि कमजोरी इत्यादिलाई आन्तरिक वैधताका दृष्टिले केलाएर हेर्न सकिन्छ (शर्मा र पौडेल, २०६० : ३६१) ।

उक्त आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा भएका त्रुटिहरूलाई प्रश्न विश्लेषणको बाह्य आधारमा चर्चा गरिएको हुँदा भाषाको अर्थघातक प्रयोगलाई मात्र यहाँ उल्लेख गरिएको छ । सेट 'ए' प्रश्न नं. ३ को क र सेट 'बी' प्रश्न नं. १ को क क्रियापद विवादास्पद छ । त्यसैगरी दुवैसेटमा प्रश्न नं. १३ मा स्पष्ट निर्देशन दिइएको छैन । सेट 'बी' प्रश्न नं. ५ को को ख मा बुझ्न शब्दलाई बुरुन लेखेर अर्थ तात्त्विक दृष्टिले गम्भीर त्रुटि गरेको छ । प्रश्न नं. १० सेट 'बी' मा शब्दवर्गको ठाउँमा पदवर्ग लेखेर त्रुटि गरेको छ । त्यस्तै दुवै सेटको प्रश्न नं. ३ मा पूर्णविरामपछि संयोजक प्रयोग गरेका प्रशस्त वाक्यहरू छन् भने वर्णविन्यास र चिह्न प्रयोगसम्बन्धी त्रुटि पनि देखिन्छन् ।

प्रश्नपत्र निर्माण गर्दा साना तिना त्रुटिले अर्थमा फरक पर्ने र प्रश्नको अपेक्षालाई नै बङ्ग्याउने हुनाले सही वर्णविन्यास, शुद्ध भाषा, उचित चिह्न प्रयोग गरी प्रश्न निर्माण गर्नुपर्दछ । यसको लागि प्रश्न निर्माणको अन्तिम चरणमा पनि प्रश्नहरूको भाषा शैलीले प्रश्नको अपेक्षा समेट्न सकेको छ कि छैन हेरीसकेपछि मात्र प्रयोगमा ल्याउनु पर्छ ।

## ४.५ सारांश

प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय, उद्देश्यपूर्ण बनाउनका लागि प्रश्नको आन्तरिक पक्षले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्न निर्माणमा बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पार्न सके तापनि असल प्रश्न निर्माणका लागि आन्तरिक पक्ष नभइ नहुने तत्त्व हो । यसले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई अनिवार्य पक्ष मानिन्छ । यसअन्तर्गत पाठ्यक्रम अनुरूपता, विधाको अङ्कभार र प्रश्न सन्तुलन, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा पक्षहरू पर्दछन् ।

## अध्याय - पाँच

# निष्कर्ष तथा सुझाव

### ५.१ निष्कर्ष

शैक्षिक मूल्याङ्कनले विद्यार्थीको उपलब्धि पहिल्याउन, गुणात्मक र मात्रात्मक रूपमा जाँच गर्ने कार्य गर्दछ । भाषिक मूल्याङ्कन शैक्षिक मूल्याङ्कनको एउटा पाटो भएकाले यसको सम्बन्ध भाषिक अपेक्षाहरूसँग रहेको हुन्छ । यिनै भाषिक सीप पूर्ति भएनभएको अध्ययन भाषिक मूल्याङ्कनको अवश्यकता पर्दछ । भाषिक सीपहरूको मूल्याङ्कन एकीकृत र पृथकीकृत परीक्षण, पहिचानात्मक र उत्पादनात्मक परीक्षण, औपचारिक र अनौपचारिक परीक्षणबाट गर्न सकिन्छ । लिखित परीक्षाअन्तर्गत विषयगत र वस्तुगत प्रश्नहरू पर्दछन् । प्रश्नहरू सकेसम्म विकल्परहित, समान कठिनाइस्तर भएका, दोहोरो अर्थ नलाग्ने, स्पष्ट हुनुपर्दछ । भाषिक परीक्षण योजना, सङ्गठन र निर्देशन, परीक्षण प्रशासन र अङ्कन जस्ता तत्त्वहरूलाई समेत ध्यान दिनुपर्छ । पाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई पूरा गर्ने किसिमका विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यवहारिकता तथा बाह्य र आन्तरिक गुणले युक्त प्रश्नहरू निर्माण गर्नुपर्दछ । प्रश्न विश्लेषणका मूख्य आधारहरू तथ्याङ्कशास्त्रीय र सैद्धान्तिक आधार हुन् । गणितीय आधारबाट विश्वसनीयता, वैधताका आधारमा अध्ययन विश्लेषण गरिन्छ । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन आदि पर्दछन् । बाह्य आधारमा निर्देशन, अङ्क विभाजन, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा पर्दछन् ।

प्रश्नपत्रहरूको अध्ययन विश्लेषण बाह्य र आन्तरिक आधारमा गरिएको छ । बाह्य आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको छ । त्यस्तै आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन प्रश्नमा हुनुपर्ने गुणहरू, प्रश्नका अन्य पक्षहरू र भाषालाई प्रमुख आधार बनाइएको छ । उक्त आधारहरूबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै दृष्टिले प्रश्नहरूको अवस्था निम्नानुसार रहेका पाइयो :

### ५.१.१ बाह्य आधार

प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू कति सबल र दुर्बल छन् भन्ने कुरा खुट्ट्याउने काम बाह्य आधारमा गरिन्छ । यसअन्तर्गत प्रमुख आधारहरू निर्देशन, अङ्कविभाजन र समयनिर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा पर्दछन् । यसै आधारभित्र विभिन्न उपआधारहरू पनि पर्दछन् । प्रश्नपत्रको बाह्य पक्ष स्पष्ट, आकर्षक एवम् स्तरयुक्त हुन जरुरी हुन्छ । यसले प्रश्नपत्रको विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता जस्ता पक्षहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ ।

#### ५.१.१.१ निर्देशन

शीर्ष निर्देशन प्रश्नपत्रहरूमा स्पष्ट रूपमा उल्लेख गरिएको भए पनि शीर्ष निर्देशनमा प्रयोग गरी भएका भाषा अस्पष्ट रहेको अनुमान गर्न सकिन्छ । विकल्प निर्देशनहरू बोल्ड अक्षरमा नभएकाले र पृष्ठ निर्देशन दुवै सेट प्रश्नमा नहुँदा विद्यार्थीहरू भुक्किने सम्भावना प्रबल देखिन्छ ।

#### ५.१.१.२ अङ्क विभाजन र समय निर्धारण

प्रतिनिधि प्रश्नपत्रहरूमा अङ्क विभाजन र समयको निर्धारण पाठ्यक्रम अनुसार नै न्यायोचित ढङ्गले वितरण गरेको पाइएता पनि सेट 'ए' प्रश्नमा प्रबन्ध विधालाई बढी जोड दिनु उपयुक्त देखिदैन ।

#### ५.१.१.३ प्रस्तुति अनुक्रम

प्रतिनिधि प्रश्नहरूमा रहेका प्रश्नहरूको प्रस्तुति अनुक्रम विद्यार्थीको स्तर अनुसार सरलदेखि जटिलताको अनुक्रम मिलेको नै देखिन्छ ।

#### ५.१.१.४ प्रश्नपत्रको स्वरूप

प्रतिनिधि नेपाली भाषाका प्रश्नहरूमा अङ्ग्रजीमा शीर्षभाग उल्लेख गर्नु न्यायोचित देखिदैन । प्रश्नको शुरूमै **जिल्लास्तरीय परीक्षा** लेखेर पद वियोग गरी स्पष्ट गल्ती गरेको

देखिन्छ । प्रश्नपत्रहरूमा पृष्ठ सङ्ख्या उल्लेख गरेको पाइँदैन भने मुद्रणमा पनि थोर बहुत त्रुटिहरू रहेको देखिन्छ ।

#### ५.१.१.५ भाषा

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनबाट कतिपय स्थानमा अर्थघटक शब्दहरूको प्रयोग, कुनै ठाउँ चिह्नसम्बन्धी त्रुटि, पदयोग र वियोग, ह्रस्वदीर्घसम्बन्धी त्रुटिसमेत रहेको पाइन्छ । त्यस्ता सम्भाव्य त्रुटिहरूले प्रश्नको विश्वसनीयता र वैधता आदिले प्रश्नको आन्तरिक स्वरूपमा समेत प्रभाव पारेको देखिन्छ । छपाइ र सफाइमा पनि त्यति ध्यान दिएको देखिँदैन ।

### ५.१.२ आन्तरिक आधार

प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय, उद्देश्यपूर्ण बनाउनका लागि प्रश्नको आन्तरिक पक्षले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्न निर्माणमा बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पार्न सके तापनि असल प्रश्न निर्माणका लागि आन्तरिक पक्ष नभइ नहुने तत्त्व हो । यसले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई अनिवार्य पक्ष मानिन्छ । यसअन्तर्गत पाठ्यक्रम अनुरूपता, विधाको अङ्कभार र प्रश्न सन्तुलन, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा पक्षहरू पर्दछन् ।

#### ५.१.२.१ पाठ्यक्रम अनुरूपता

प्रश्नहरू पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई ज्यादा ध्यान दिएर निर्माण गरिएको देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकबीचको समन्वयको अभाव, तहअनुसार स्तरयुक्त प्रश्नहरू निर्माण नहुनु, पाठ्यक्रमको सीमाभन्दा बाहिर गई प्रश्नहरू निर्माण गरिएको पाइन्छ । विधाको अङ्कभार र प्रश्नहरूको तालमेल आंशिक रूपमा मिल्नु, अधिक विकल्पका कारणले कुनै कुनै विधाको उद्देश्यअनुरूप परीक्षण हुन नसक्नु, व्याकरण र शब्द भण्डारहरूको न्यायोचित वितरण भएकोले पाठ्यक्रम अनुरूप प्रश्नहरूको बाहुल्य प्रतिनिधि प्रश्नपत्रमा देखिएको छ ।

### ५.१.२.२ विधाको अङ्कभार र प्रश्न सन्तुलन

प्रतिनिधि प्रश्नपत्रहरू विधागत अङ्कभार र प्रश्न सन्तुलन पाठ्यक्रमले निर्देशन गरेअनुसार सानातिना त्रुटि भए पनि उपयुक्त किसिमले सन्तुलन मिलाएको पाइन्छ ।

### ५.१.२.३ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

प्रतिनिधि प्रश्नपत्रहरूमा पढाइ, लेखाइ, व्याकरणसँग सम्बन्धित विभिन्न पक्षहरूको सन्तुलित संयोजन भएको पाइन्छ । विवेचनात्मक तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू प्रतिस्मरणात्मक पक्षतर्फ बढी झुकेको पाइन्छ । पढाइ सीप पक्षको परीक्षणका लागि लामो प्रश्न, सङ्क्षिप्त प्रश्न र पठनबोध प्रश्नहरू समावेश गरिएको छ । लेखाइ सीपको परीक्षणको निम्ति निबन्ध लेखन, चिठी, कथा र संवाद जस्ता स्वतन्त्र रचना लेखनका भाषिक पक्षहरू समावेश गरी संयोजन र सन्तुलन कायम गर्ने प्रयास गरेको देखिन्छ ।

### ५.१.२.४ प्रश्नमा हुनुपर्ने गुण

प्रश्नमा हुनुपर्ने गुणका दृष्टिले पनि प्रतिनिधि प्रश्नहरू कमजोर नै देखिएका छन् । प्रश्नको आयतनमा सन्तुलन नहुनु, पुच्छ्रे तथा घुमाउरा प्रश्नहरू हुनु, विवादास्पद क्रियापद प्रयोग हुनु, पाठ्यपुस्तकका अभ्यास खण्डमा भएका प्रश्नहरू हुबहु उतार गर्नु, निर्देशन प्रष्ट नहुनु, आदि कारणले विश्वसनीयतामा आघात पर्ने त्रुटिहरू रहेका देखिन्छन् । यस्ता कमि कमजोरीका कारणहरूले वैधताका उपभेदहरूमा समेत आघात पुगेको पाइन्छ । जसले गर्दा विभेदकारिता र व्यवहारिकता जस्ता गुणहरूलाई पनि असर पारेको देखिन्छ ।

### ५.१.२.५ भाषा

परीक्षणका लागि बनाइएका प्रश्नपत्रहरूको भाषा स्पष्ट, शुद्ध र निर्देशनात्मक किसिमको हुनु पर्दछ तर प्रतिनिधि प्रश्नहरूका भाषा सरल, स्पष्ट र शुद्धतामा कमि रहेको पाइन्छ । कतिपय प्रश्नपत्रहरूमा उक्त किसिमको भाषा प्रयोग नभएको समेत पाइन्छ । निर्देशनमा अस्पष्टता, घुमाउरो भाषा, हिज्जेको गलत प्रयोगले अर्कै अर्थ लाग्ने स्थिति आउन सक्छ । यसकारण उपयुक्त प्रश्नयोजना नबनाई प्रश्न निर्माण गर्नु र हतार हतारमा प्रश्न निर्माण गरेको जस्तो देखिन्छ ।

## ५.२ सुझावहरू

- प्रतिनिधि प्रश्नहरूलाई सरलदेखि जटिलताको क्रममा व्यवस्थित गर्नुपर्ने देखिन्छ ।
- प्रश्नको शीर्षभागमा प्रश्नपत्र उपयोगमा ल्याउने संस्थाको नाम र जिल्ला शुद्ध नेपाली भाषामा लेख्दा अझ आकर्षक देखिन्छ ।
- प्रश्नहरूको लागि भाषाका सुनाइ र बोलाइ पक्षहरूको व्यवहारिक परीक्षणका उचित व्यवस्था मिलाउनु उचित देखिन्छ ।
- विधाका सबैक्षेत्र समेट्न सक्ने प्रश्न निर्माण गर्न पाठ्यक्रम विकास केन्द्र (पा.वि.के.) ले विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र निर्माण गरी स्रोत केन्द्रमार्फत् प्रत्येक विद्यालयलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु साथै त्यसको अनुगमन निरीक्षण को व्यवस्था गर्नु गराउनु पर्दछ ।
- भाषा विषयका प्रश्नपत्रहरू भाषाविद् तथा विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराइनु पर्दछ । प्रश्नहरूका निम्ति सम्बन्धित संस्थाहरूमा प्रश्न बैङ्कको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- पाठ्यक्रमलाई समयसापेक्ष सुधार गर्दै जानु पर्छ र पाठ्यक्रमका आशय, उद्देश्य र क्षेत्र अनुरूप पाठ्यपुस्तक समेत परिमार्जन गर्दै लैजानुपर्दछ ।
- परीक्षणलाई मूल्याङ्कनको अभिन्न अङ्ग बनाई निरन्तर रूपले त्यसबाट रचनात्मक सहयोग लिन आन्तरिक मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- जिल्लास्तरीय परीक्षा समितिलाई परीक्षा समयमा मात्र होइन परीक्षण सुधार र परिमार्जनमा पनि निरन्तर सक्रिय हुनु र गराउनु पर्छ ।
- वस्तुगत प्रश्नले व्यापक विषयक्षेत्र समेट्न सक्ने हुनाले लिखित परीक्षामा यसका लागि २०% अङ्कभार छुट्याउनु व्यावहारिक देखिन्छ । त्यसको निम्ति सबै प्रश्नहरूमा वस्तुगत प्रश्नको व्यवस्था गरिनुपर्दछ ।
- आन्तरिक र बाह्य स्वरूपका दृष्टिले उपयुक्त, स्तरयुक्त र गुणयुक्त प्रश्न निर्माण गरी परीक्षणलाई सार्थक उद्देश्यमूलक र पृष्ठपोषणमुखी बनाउन सम्बन्धित शैक्षिक संस्थाहरूले भाषा विषयका शिक्षकहरूको गोष्ठी तथा सेमिनारको व्यवस्था वर्षमा एकपटक मिलाउनु पर्दछ ।

- योग्य र अनुभवी प्राश्निकहरूबाट प्रश्न निर्माण गराई मुद्रण र टङ्कनमा विशेष सतर्कता अपनाई राम्रोसँग प्रुफ हेरर मात्र अन्तिम रूप दिनुपर्छ । हतार र हचुवाको भरमा प्रश्न निर्माण गर्ने प्रवृत्तिको अन्त्य हुनु पर्दछ ।
- मापनमा विश्वसनीयता र एकरूपता ल्याउन परीक्षकलाई समयमा उत्तरकुञ्जिका र आवश्यक निर्देशन उपलब्ध गराइनु पर्छ ।
- सिर्जनात्मक सीप परीक्षणका निम्ति विधा रचना हुने खालका प्रश्न निर्माण गर्न व्यवस्था मिलाउनु सान्दर्भिक हुने देखिन्छ ।

यसप्रकार सीमित समयसीमामा बाँधिएर प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएकोले व्यापक अध्ययन र विश्लेषणमा अन्य गहन सुझावहरू समेत प्रस्तुत गर्न सकिने सम्भावना हुन सक्ने समेत महसुस गरिएको छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

१) नेपाली भाषाको प्रश्न बैङ्कको आवश्यकता, उपयोगिता र प्रयोग : एक अध्ययन

२) भाषा शिक्षणका निरन्तर मूल्याङ्कन प्रणाली (CAS) को महत्त्वको अध्ययन

३) भाषा शिक्षणका आवधिक परीक्षाको महत्त्व र आवश्यकता : एक अध्ययन

४) नि.मा. तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन र प्रयोगको अध्ययन

५) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिताको अध्ययन

६) भाषा सीप परीक्षणको अध्ययन

७) नेपाली भाषा शिक्षणमा शिक्षण विधिहरूको उपयोगिताको अध्ययन

८) भाषा शिक्षणमा कक्षा कोठा व्यवस्थापन र मूल्याङ्कन ।

९) कक्षा आठको महेन्द्रमाला (२०३८) र हाम्रो नेपाली किताब (२०६७) मा प्रयुक्त कथा विधाको तुलनात्मक अध्ययन ।

१०) निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन ।

११) विद्यालय तहमा व्याकरण शिक्षणमा देखिएका समस्याहरूको अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : कुन्जल प्रकाशन ।

(२०५१), **शिक्षा सौरभ**, काठमाडौँ : काठमाडौँ शिक्षा क्याम्पस ।

आचार्य, दिलिपकुमार (२०५८), **कक्षा-८ को नेपाली भाषा प्रश्नहरूको विश्लेषणात्मक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

ज.ब.रा., स्वयम्प्रकाश र अन्य (२०६३), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

न्यौपाने, टङ्कप्रसाद (दो.सं. २०४९) **साहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

(२०५१), **भाषाविज्ञानको रूपरेखा**, धरान : नेपाल बुक डिपो ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), **निम्न माध्यमिक तहको विशिष्टीकरण तालिका**, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **निम्न माध्यमिक तहको पाठ्यक्रम**, सानोठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा. छै .संस्क. २०६०), **बृहत् नेपाली शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पोखेल, भगवता (२०६४), **प्रवेशिका परीक्षा अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

पौडेल, माधवप्रसाद (२०५१), **जिल्लास्तरीय परीक्षामा उपयोग गरिएका कक्षा-८ को भाषाको प्रश्नहरूको विश्लेषण** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६५), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौँ : तलेजु प्रकाशन ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

बस्नेत, कमलबहादुर (२०६२), **कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

भट्टराई, रामप्रसाद (२०६५), **सामाजिक तथा मनोभाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : पिनाकल पब्लिकेशन ।

(२०६८), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : पिनाकल पब्लिकेशन ।

रेग्मी, अम्बिकाप्रसाद (२०५४), **कक्षा - ५ को नेपाली भाषाविषयक प्रश्नहरूको विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : महेन्द्ररत्न क्याम्पस ताहाचल ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०५४), **शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू,** काठमाडौँ : नवीन प्रकाशन ।

**हाम्रो नेपाली किताब- कक्षा ८** (पुनमुद्रण २०६४), भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

## निम्नमाध्यमिक तह उत्तीर्ण परीक्षा
### परिमार्जित पाठ्यक्रम, २०५८ अनुसारको विशिष्टीकरण तालिका - २०६१

**विषय : नेपाली** **कक्षा : ८**

| क्र.सं. | प्रश्नका प्रकार (पढाइ, लेखाइ क्षेत्र) | विधा | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनु पर्ने प्रश्न सङ्ख्या | अङ्कभार | समय (मिनेट) | |
| १. | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | कथा, कविता, प्रबन्ध, जीवनी र रूपक | १ | ३ | - | २ | ६ | ४ | २० | ३६ | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी र रूपक विधाबाट विषयवस्तु, मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ६ प्रश्न सोध्ने र ४ प्रश्नको उत्तर दिन लगाउने । |
| २. | लामो उत्तर दिने प्रश्न | कथा, कविता, जीवनी | - | - | - | २ | २ | १ | १० | १८ | कथा, कविता र जीवनी विधाबाट विवेचनात्मक र सिर्जनात्मक क्षमता परीक्षण गर्ने खालका दुई प्रश्न सोध्ने र एक प्रश्नको उत्तर दिन लगाउने |
| ३. | बोध प्रश्न (दृष्टांश वा अदृष्टांश गद्य) | कथा, जीवनी, प्रबन्ध वा अन्य लेख रचना | - | १ | - | - | १ | १ | ५ | ९ | पाठ्यपुस्तकका गद्य पाठ वा सारीय लेख रचनाबाट १२५ शब्दसम्मको अनुच्छेद दिई अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गर्ने खालका ५ प्रश्न सोध्ने । |
| ४. | सारांश (दृष्टांश गद्य) | कथा, जीवनी, निबन्ध/प्रबन्ध | - | - | - | १ | १ | १ | ५ | ९ | बोध प्रश्नमा दिइएको अनुच्छेदको सारांश लेखन लगाउने । |
| ५. | (क) भाव विस्तार | कविता, कथा, जीवनी, प्रबन्ध/निबन्ध, रूपक | - | - | - | २ | २ | १ | ५ | ९ | कविता, कथा, जीवनी, रूपक, निबन्ध /प्रबन्ध विधाबाट भाव विस्तार गर्न सकिने खालका दुई उद्धरण दिई कुनै एक भाव स्पष्ट गर्न लगाउने । |
| | (ख) सप्रसङ्ग व्याख्या | कविता, कथा, जीवनी, प्रबन्ध/निबन्ध, रूपक | - | - | - | २ | २ | १ | ५ | ९ | कविता, कथा, जीवनी, रूपक, निबन्ध /प्रबन्ध विधाबाट सप्रसङ्ग व्याख्या गर्न सकिने खालका दुई उद्धरण दिई कुनै एक उद्धरणको उत्तर दिन लगाउने । |
| ६. | निर्देशित रचना | कथा, संवाद | - | - | - | १ | २ | १ | ५ | ९ | बुँदा दिई कथा र संवाद लेख्ने दुई प्रश्न दिई कुनै एक विधामा निर्देशित रचना गर्न लगाउने । |
| ७. | स्वतन्त्र रचना | क) निबन्ध/प्रबन्ध | - | - | - | १ | १ | १ | १० | १८ | निबन्ध/प्रबन्ध लेखन सकिने कुनै दुई शीर्षक दिई एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेखन लगाउने । |
| | | ख) चिठी, वादविवाद | - | - | - | २ | २ | १ | ५ | ९ | चिठी र वादविवादमध्ये शीर्षक दिई कुनै एक रचना स्वतन्त्र रूपमा लेखन लगाउने । |
| ८. | व्याकरण | क) शब्दवर्ग | - | - | १ | - | १ | १ | ३ | ५ | सबै वर्गका शब्द पर्ने गरी ६ ओटा शब्द पहिचान गर्ने प्रश्न सोध्ने |
| | (पहिचान परिवर्तन र | ख) काल, पक्ष र अर्थ (भाव) | - | - | १ | - | १ | १ | ४ | ७ | काल, पक्षबाट २ ओटा र अर्थ (भाव) बाट २ ओटा परिवर्तन गर्ने वा खाली ठाउँ भर्ने प्रश्न दिने । |
| | खाली ठाउँ भर्ने प्रश्न) | ग) पदसङ्गति, वाच्य परिवर्तन र वाक्य परिवर्तन | - | - | १ | - | १ | १ | ६ | ११ | पदसङ्गति, वाच्य र वाक्यबाट २/२ ओटा पर्ने गरी लिङ्ग, वचन, पुरुष, आदर, अकरणका आधारमा परिवर्तन गर्ने खालका वा खाली ठाउँ भर्ने ६ प्रश्न सोध्ने । |
| | | घ) कारक र विभक्ति | - | - | १ | - | १ | १ | २ | ४ | कारकबाट २ ओटा र विभक्तिबाट २ ओटा पर्ने गरी पहिचानात्मक वा प्रयोगात्मक प्रश्न सोध्ने । |
| | | ङ) वर्णविन्यास र लेख्य चिह्न | - | - | १ | - | १ | १ | ५ | ९ | ८ ओटा वर्णविन्यास र २ ओटा लेख्य चिह्नका त्रुटि दिई सच्याएर लेखन लगाउने । |
| ९. | शब्द भण्डार | क) शब्दार्थ | १ | - | - | - | १ | १ | २ | ४ | पाठ्यपुस्तकका पाठहरूबाट ४ ओटा शब्दको अर्थ लेख्न दिने । |
| | | ख) शब्द पहिचान | - | - | १ | - | १ | १ | ३ | ४ | पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, शब्दबाट निर्देशन वा सङ्केतबमोजिम अर्थ पहिचान गरी लेखन लगाउने |
| | | ग) वाक्य निर्माण | - | - | १ | - | १ | १ | ५ | ९ | अनुकरणात्मक शब्द, पारिभाषिक/प्राविधिक , निपात, उखान टुक्काबाट एकएक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| | | जम्मा | २ | ४ | ७ | १३ | २७ | २० | १०० | ३ घण्टा | |